UNITED NATIONS
OFFICE OF THE HIGH COMMISSIONER
FOR HUMAN RIGHTS IN
NEPAL

United Nations
Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

संयुक्त राष्ट्र संघीय मानव अधिकार
उच्चायुक्तको कार्यालय,
नेपाल

# तराईमा भएका गैरन्यायिक हत्याका आरोपहरूको अनुसन्धान

## उच्चायुक्तको कार्यालय-नेपालका सरोकारको सारसङ्क्षेप (सन् २०१० जुलाई)

Museum Road, Chhauni, Kathmandu, Nepal, P.O. Box 24555, registry.np@ohchr.org - Tel. +977 1 4280164, Fax: +977 1 4670712, 4670713

# विषय-सूची


१. मुद्दा ......................................................................................................................३

२. पृष्ठभूमि ..................................................................................................................४

३. सम्बद्ध अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी मापदण्ड ..................................................५

४. पहिचान भएका मुद्दाहरू ..........................................................................................६

क. अन्तर्निहित कारणहरूः सार्वजनिक असुरक्षा तथा प्रहरी अनुसन्धान ................................६

ख. न्यायमा पहुँच तथा कानुनी जवाफदेहीतामा रहेका व्यवधानहरू ...................................७

ग. नेपाली सेनाको असहयोग ...........................................................................................९

घ. राष्ट्रिय मानवअधिकार आयोगको भूमिका ...................................................................९

५. निष्कर्ष तथा सिफारिसहरू .....................................................................................१०

परिशिष्ट क. - घटना अध्ययन ........................................................................................१४

परिशिष्ट ख. - चार्ट तथा ग्राफ .......................................................................................१९

परिशिष्ट ग. - आरोपहरूको सारसङ्क्षेप (सन् २००८ जनवरी - २०१० जुन) ..........................२१

# तराईमा भएका गैरन्यायिक हत्याका आरोपहरूको अनुसन्धान

## उच्चायुक्तको कार्यालय-नेपालका सरोकारको सारसङ्क्षेप (सन् २०१० जुलाई)

### १. मुद्दा

वि.सं. २०६२ मङ्सिरमा विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएयता सार्वजनिक सुरक्षा कायम राख्नु नेपाल सरकारका लागि सर्वाधिक ठूला चुनौतीहरूमध्ये एक रहँदै आएको छ। यो कुरा द्वन्द्वले गर्दा धेरै वर्षसम्म प्रहरी चौकी तथा सरकारी कार्यालयहरू विस्थापित भएको देशमा सहज भएको छैन। विशेषगरी तराईमा गैरराज्य सशस्त्र समूहहरूले कानुन तथा व्यवस्थामा रहेको यस रिक्तताको फाइदा उठाएका छन् र उनीहरू हत्या, अपहरण, धम्की तथा चन्दा असुल्ने कार्यमा संलग्न भएका छन्। यसले स्थानीय समुदायका साथसाथै प्रहरीको मनोबलमा गम्भीर असर पुऱ्याएको छ। यसको प्रतिक्रिया स्वरूप नेपाल सरकारले नागरिक प्रहरी तथा फौजदारी न्याय प्रणालीमा सहयोग तथा सुधारमा तदनुसार वृद्धि नगरी तराईमा आफ्नो प्रहरी उपस्थिति बढाउनुका साथै अर्धसैनिक सशस्त्र प्रहरी बल तथा नेपाली सेना (राष्ट्रिय निकुञ्जहरूको सन्दर्भमा)को भूमिकालाई विस्तार गरेको छ। सन् २००९ मा सरकारले आफ्नो विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याएदेखि हिंसात्मक आपराधिक गतिविधिमा कमी आएका प्रारम्भिक सङ्केतहरू देखिएका छन्।[१] सो योजनामा मानवअधिकारको संरक्षण गर्ने प्रतिबद्धता भए तापनि[२] गैरकानुनी हत्याका विश्वसनीय आरोपहरू आई नै रहेका छन् जसमध्ये उच्चायुक्तको कार्यालयले प्राप्त गरेको जानकारीअनुसार अधिकांश घटनाहरूमा कुनै अनुसन्धान भएको छैन।

उच्चायुक्तको कार्यालय आपराधिक गतिविधिसँग लड्न, सार्वजनिक सुरक्षा बढाउन तथा कानुनको सम्मानमा वृद्धि गर्न सरकारले गरेका प्रयासहरूलाई समर्थन गर्दछ तर यी पहलहरू मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्ड तथा अन्तरिम संविधानअनुरूप हुनुपर्दछ भन्ने कुरामा जोड दिन्छ। दुर्भाग्यवश, उच्चायुक्तको कार्यालयका अनुगमन टोलीहरूले केही वर्षयता एक चिन्ताजनक प्रवृत्तिको उल्लेख गरेका छन् जसमा सुरक्षाफौजले आफ्ना कारबाहीका क्रममा अत्यधिक तथा कहिलेकाहीं अनावश्यक घातक बलको प्रयोग गरेको छ। उच्चायुक्तको कार्यालयको अनुगमनसम्बन्धी अनुभवको मद्दतले सरोकारहरूको यस सारसङ्क्षेपमा गैरन्यायिक हत्यासम्बन्धी निरन्तर लाग्ने आरोपहरू तथा त्यस्ता आरोपहरूको पूर्ण अनुसन्धानको विफलतामा योगदान पुऱ्याउने कानुन, नीति तथा अभ्यासहरूमा रहेका समस्याको पहिचान गर्ने प्रयास गरिएको छ। गैरन्यायिक हत्यालाई सम्बोधन गर्न यसले नागरिक समाजका सङ्गठनका सदस्यहरू, राष्ट्रिय मानवअधिकार आयोग (आयोग), महान्यायाधिवक्ताको कार्यालय र क्षेत्रीय तथा जिल्लास्तरीय प्रहरी कर्मचारीलगायतका साझेदारहरूसँगको परामर्शमा वा तिनले गरेको कामको जगमा तयार पारिएका ठोस तथा विशिष्ट सिफारिसहरूसहितको सामग्रीको व्यवस्था गरेको छ। यो सारसङ्क्षेप नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल (सप्रब)को मानवअधिकार सेलसँगको सहकार्यमा तयार गरिएको थियो भने नेपाल प्रहरी, सप्रब, आयोग, महान्यायधिवक्ताको कार्यालय र नेपाली सेनाले यसको मस्यौदामाथि औपचारिक टिप्पणी गरेका थिए। मानवअधिकारका अन्तर्राष्ट्रिय मापदण्डको सम्मान गरेर मात्रै सशक्त तथा प्रभावकारी रूपमा प्रहरीले आफ्नो काम गर्न सक्छ भन्ने कुरामा उच्चायुक्तको कार्यालय विश्वास गर्दछ।

---

[१] नेपाल सरकारले सन् २००९ को जुलाईको अन्त्यदेखि विशेष सुरक्षा योजना (योजना) कार्यान्वयनमा ल्याएको छ। सरकारले बिग्रँदो सार्वजनिक सुरक्षा स्थितिको सन्दर्भमा शान्तिसुरक्षा प्रभावकारी रूपमा कायम राख्न, दण्डहीनता अन्त्य गर्न तथा मानवअधिकारको संरक्षण गर्नका लागि यो योजना तयार पारिएको दाबी गरेको छ। यसका उद्देश्य हुन्: १) मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन, २) सुदृढ सुरक्षाफौज कानुनको पूर्ण कार्यान्वयनमार्फत् (सार्वजनिक) सुरक्षाको प्रत्याभूति, ३) कानुन तोड्नेहरूलाई जवाफदेही बनाई दण्डहीनताको अन्त्य गर्ने, ४) अत्यावश्यक सेवाहरूमा नागरिकको सहज पहुँच, ५) जनचेतना जगाउने कार्यक्रम तथा सुरक्षा व्यवस्थापनद्वारा सर्वसाधारणको विश्वास (सरकारमाथि)को पुनर्निमाण गर्ने; र ६) सुरक्षा व्यवस्थापनमा सर्वसाधारणसँगको साझेदारीमा वृद्धि गर्ने।

[२] विशेष सुरक्षा योजनासँग सम्बन्धित आचारसंहिताको खण्ड ६ ले मानवअधिकारबारे उल्लेख गर्दछ तर यो कार्यात्मक मार्गनिर्देशनको सङ्गालोका रूपमा काम गर्न पर्याप्त छैन।

## २. पृष्ठभूमि

गैरन्यायिक, गैरकानुनी वा स्वेच्छाचारी हत्यासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदकका अनुसार, गैरन्यायिक हत्यालाई मोटामोटी रूपमा "प्रहरीद्वारा गैरकानुनी हत्या", "सैनिक वा नागरिक हिरासतमा मृत्यु" तथा "व्यक्तिहरूले गरेका हत्याका प्रवृत्तिहरू जुन राज्यअधिकारीहरूद्वारा पर्याप्त रूपमा अनुसन्धान तथा अभियोजन गरिंदैनन्" भन्नेलगायतका अन्तर्राष्ट्रिय मानवअधिकार वा मानवीय कानुनलाई उल्लङ्घन गर्ने कुनै पनि हत्या भनी परिभाषा गर्न सकिन्छ।[३] सशस्त्र समूह तथा आपराधिक समूहहरूद्वारा गरिएका अनुसन्धान नभएका (र दण्डहीनतालाई प्रभावकारी रूपमा सम्बोधन गर्ने हो भने अनुसन्धान गरिनुपर्ने) हत्याका धेरै उदाहरणहरू भए तापनि यस सारसङ्क्षेपले सर्वसाधारणको गैरकानुनी मृत्यु हुनेगरी सुरक्षाफौजले आफ्ना कारबाहीका क्रममा गैरकानुनी बलको प्रयोग गरेको भन्ने आरोपहरूमा मात्र आफूलाई केन्द्रित गर्नेछ। अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत, सुरक्षाफौज वा अन्य सरकारी एजेन्टहरूद्वारा भएको घातक बलको प्रयोग जीवनको संरक्षण गर्न आवश्यक भएमा र पक्राउ गर्ने वा गैरघातक रूपमा नियन्त्रणमा लिनेजस्ता जीवनप्रतिको खतरालाई रोक्ने उपायहरू नभए मात्र कानुनी हुन्छ। तसर्थ, यस प्रतिवेदनले जीवनप्रति कुनै गम्भीर खतरा नभएको र कानुन पालनाका अन्य उपायहरू उपलब्ध हुँदाहुँदै कुनै व्यक्तिको मृत्यु नेपाल प्रहरी, सशस्त्र प्रहरी वा नेपाली सेनाका कर्मचारीहरूले नियन्त्रणमा लिइसकेपछि भएको वा कसैले कुनै गम्भीर खतरा खडा नगरेको अवस्थामा पनि सुरक्षाफौजको कारबाहीका क्रममा निजलाई मारिएको भन्ने आरोपहरूलाई विशेषगरी सम्बोधन गर्नेछ। यी आरोपहरू व्यक्तिको मृत्यु भिडन्तका क्रममा गोली हानाहानको फलस्वरूप भएको भन्ने आधिकारिक विवरणसँग प्रायः बाझिन्छन्। यस सारसङ्क्षेपमा प्रदर्शन, बन्द तथा विरोध कार्यक्रमहरूको क्रममा भएको अत्यधिक बलको प्रयोगको फलस्वरूप भएको भनिएका मृत्युहरू समावेश गरिएको छैन यद्यपि केही सिफारिसहरू त्यस्ता घटनाका लागि सान्दर्भिक हुनसक्छन्। यस सारसङ्क्षेपले कुनै खास आरोपहरू सत्य वा असत्य के हुन् भन्ने कुरामा कुनै अडान लिएको छैन तर यसले ती आरोपमाथि निष्पक्ष तथा स्वतन्त्र रूपले अनुसन्धान गर्ने आफ्ना दायित्वहरू पूरा गर्न राज्यअधिकारीहरूलाई आह्वान गर्दछ।

द्वन्द्वकालको खास अवधिमा शङ्कित विद्रोहीहरूलाई पक्राउ गर्ने क्रममा वा हिरासतमा लिइसकेपछि हत्या गर्ने वा बेपत्ता पार्ने अभ्यास सामान्य थियो।[४] ती हत्यालाई प्रायः गोली हानाहानका क्रममा हुने टार्न नसकिने परिणामका रूपमा न्यायोचित ठहऱ्याई "भिडन्तमा भएका हत्या" भनिन्थ्यो। शान्ति सम्झौतामा हस्ताक्षर भएपछि सुरक्षाफौजद्वारा मारिनेहरूको सङ्ख्यामा नाटकीय रूपमा कमी आए तापनि व्यक्तिहरूको हिरासतमा वा "भिडन्त"का क्रममा मृत्यु भएको भन्ने आरोप चिन्ताजनक रूपमा बढिरहेको छ। यीमध्ये धेरैजसो मृत्यु सशस्त्र समूहद्वारा गरिने आपराधिक गतिविधि एक गम्भीर समस्याका रूपमा रहेका तराईका जिल्लाहरूमा प्रहरीको बढी आक्रामक कारबाही नीतिको सन्दर्भमा भएका छन्।

सन् २००८ जनवरीदेखि २०१० जुनसम्ममा उच्चायुक्तको कार्यालयले ५७ जनाको मृत्यु हुनेगरी भएका उनन्तीस वटा घटनाका रिपोर्ट प्राप्त गऱ्यो जसमा घातक बलको गैरकानुनी प्रयोग भएका विश्वसनीय आरोपहरू थिए। यिनमा दुईवटा बाहेक सबै घटनाहरू पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्रस्थित तराईका जिल्लाहरूमा भएको भनिएको छ। गैरसरकारी मानवअधिकार सङ्गठनहरूले अझ बढी सङ्ख्यामा गैरन्यायिक हत्याहरू भएको रिपोर्ट गरेका छन्।[५] उच्चायुक्तको

---

[३] *संयुक्त राज्य अमेरिकाको स्थितिसम्बन्धी गैरन्यायिक, गैरकानुनी वा स्वेच्छाचारी हत्यासम्बन्धी विशेष प्रतिवेदकको प्रतिवेदन* (२०६६ जेठ १२), ए/एचआरसी/११/२/एडीडी ५, परिच्छेद ३।

[४] *सन् २००३ - २००४ मा महाराजगन्ज, काठमाडौंस्थित शानेसेको ब्यारेकमा भएका स्वेच्छाचारी थुना, यातना तथा बेपत्ता पार्ने कार्यका घटनासम्बन्धी अनुसन्धान, उच्चायुक्तको कार्यालय-नेपाल (सन् २००६ मई); बर्दिया जिल्लामा भएका द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्य,* उच्चायुक्तको कार्यालय-नेपाल (सन् २००८ डिसेम्बर)

[५] उदाहरणार्थ, इन्सेकले सन् २००९ को पहिलो छ महिनामा मात्र सुरक्षा फौजद्वारा २० जना मारिएको बताएको छ <www.insec.org.np/pics/1247468044.pdf>। एड्भोकेसी फोरमले सोही वर्षको फेब्रुअरीदेखि डिसेम्बरसम्ममा सम्भावित गैर-न्यायिक हत्याका १२ घटनाबारे रिपोर्ट प्राप्त गऱ्यो <www.advocacyforum.org>। डेमोक्र्याटिक फ्रिडम एन्ड ह्युमन राइट्स इन्स्टिच्युट (डिएफएचआरआई) ले आफ्नो सन् २०१० जुनको प्रतिवेदनमा सन् २००८ मार्चदेखि सन् २०१० जुनसम्ममा सुरक्षा फौजद्वारा गरिएका ७३ हत्यासम्बन्धी आरोपहरूको अभिलेखन गऱ्यो <http://dfhri.org>।

कार्यालयले प्राप्त गरेका रिपोर्टहरूमा अधिकांश पीडित २० देखि ३० वर्षका मधेशी पुरुष भए तापनि उच्चायुक्तको कार्यालयले पीडितहरूलाई तिनको जातीयताको कारणले लक्ष्यित गरिएको भन्ने कुराको प्रमाण भेटाएन। एउटा घटनाका पीडितहरूमा महिला तथा बालबालिका परेका थिए। मारिएकाका नातेदारहरूले दिएका जाहेरी दर्खास्त एकदमै थोरैमात्र घटनामा दर्ता गरिएका छन्। कतिपय घटनामा प्रहरीले आफ्नै अनुसन्धान सुरू गरेको दाबी गरेका छन्। तर, तीमध्ये कुनै पनि अनुसन्धानमा आरोपित पीडकहरूविरुद्ध गम्भीर अनुशासनात्मक वा आपराधिक कारबाही भएको छैन।

गैरन्यायिक हत्याका आरोपहरू नयाँ होइनन् र मानवअधिकार सङ्गठनहरूले विगत केही वर्षयता धेरै गम्भीर घटनाहरूलाई राज्यअधिकारीसमक्ष उठाएका छन्। तर, आफ्नो विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याउने सरकारको प्रतिबद्धताको सन्दर्भमा तथा फिल्डमा कार्यरत सुरक्षा अधिकारीहरूमाथि सशस्त्र समूहका शङ्कित सदस्यहरूविरुद्ध कारबाही गर्न दिइएको तीव्र राजनीतिक दबाबको परिप्रेक्ष्यमा विशेष सुरक्षा कारबाहीबाट मानवअधिकारमाथि पर्ने प्रभावलाई सम्बोधन गर्न तथा गलत कार्यको आरोपहरूमाथि छानबिन गर्न प्रहरी उजुरी आयोग वा विशेष एकाइ जस्ता स्वतन्त्र संयन्त्र जतिसक्दो चाँडो गठन गर्न यो क्षण विशेषरूपमा महत्त्वपूर्ण छ भन्ने उच्चायुक्तको कार्यालयको विश्वास छ। यस सारसङ्क्षेपमा पहिचान गरिएका प्रणालीगत समस्याहरूलाई सम्बोधन गर्नाले गैरन्यायिक हत्या रोक्न मद्दत गर्ने मात्र होइन कि यसले सुरक्षाफौजका सदस्यहरूविरुद्ध लाग्ने झुठा वा राजनीतिक रूपले प्रेरित आरोपहरूको सङ्ख्या पनि घटाउनेछ।

## ३. सम्बद्ध अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनी मापदण्ड

गैरन्यायिक हत्या नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (आईसीसीपीआर)को धारा ६ मा प्रत्याभूत बाँच्न पाउने अधिकारको उल्लङ्घन हो। आईसीसीपीआरको पक्ष राष्ट्रको रूपमा प्रत्येक व्यक्तिलाई बाँच्न पाउने तथा सुरक्षाको अधिकार हुने, यो अधिकार कानुनद्वारा संरक्षित हुने र स्वेच्छाचारी रूपमा कसैको पनि जीवन हरण नगरिने कुरा सुनिश्चित गर्ने दायित्व सरकारमा रहेको हुन्छ (धारा ६)। तसर्थ बाँच्न पाउने अधिकार सुनिश्चित गर्न तथा उल्लङ्घनहरू भएको अवस्थामा पीडकहरूलाई दुरुत्साहन गर्न, रोक्न, उनीहरूविरुद्ध अनुसन्धान तथा, अभियोजन गर्न र सजाय दिन उपयुक्त उपायहरू अवलम्बन गर्न आवश्यक छ। यसका लागि, कानुनको पालना गराउने अधिकारीहरूद्वारा बल तथा बन्दुकको प्रयोगसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त[६] - जसमा सम्बद्ध अन्तर्राष्ट्रिय मानवअधिकार सिद्धान्तहरू उल्लेख गरिएको छ - मा उल्लेख गरिएझैं कानुन कार्यान्वयन गराउने अधिकारीहरूले बलप्रयोग गर्नुअघि सकेसम्म अहिंसात्मक उपायहरू अवलम्बन गर्नुपर्दछ। ज्यानमाथिको खतरालाई रोक्न कानुनसम्मत बलको प्रयोगलाई टार्न नसकिने भएमा कानुन कार्यान्वयन गराउने अधिकारीहरूले संयम अपनाउनेछन्, कसुरको गम्भीरताको अनुपातमा कारबाही गर्नेछन्, चोटपटक कम गर्नेछन् र मानवजीवनको सम्मान गर्नेछन् (सिद्धान्त ५)। ज्यानको सुरक्षाका निम्ति टार्नै नसकिने अवस्थामा मात्र जानीजानी बन्दुकको घातक प्रयोग गर्न सकिनेछ (सिद्धान्त ९)। अपराध गरेको भनी आरोपित व्यक्तिले पक्राउ पर्नबाट बच्ने प्रयास मात्र गर्दा घातक बलको प्रयोग गरिनुलाई न्यायोचित ठहऱ्याउन सकिंदैन। गैरकानुनी तथा स्वेच्छाचारी हत्याको प्रभावकारी रोकथाम तथा अनुसन्धानसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सिद्धान्त[७]का अनुसार "आन्तरिक राजनीतिक स्थिरता कायम राख्न गरिने सरकारी कारबाहीलाई त्यस्ता हत्याहरूको औचित्य पुष्टि गर्न प्रयोग गर्न पाइँदैन" (सिद्धान्त १)। अन्तर्राष्ट्रिय कानुनका अन्य उल्लङ्घनहरूमा जस्तै गैरन्यायिक हत्याको जिम्मेवारी पनि कमान्ड जिम्मेवारीको पदमा रहेकाहरूसम्म जान्छ (सिद्धान्त १९)। कानुनको पालना गराउने अधिकारीहरूद्वारा बलको घातक प्रयोग भएको अवस्थामा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनका अनुसार त्यसको पूर्ण अनुसन्धान गरी गैरकानुनी कार्यका लागि जिम्मेवारहरूलाई अभियोजन गर्नु आवश्यक हुन्छ। अन्तर्राष्ट्रिय कानुनका अनुसार अनुसन्धानहरू प्रभावकारी, विस्तृत तथा स्वतन्त्र हुनुका साथै शीघ्र

[६] वि.सं २०४७ भाद्र ११ गते देखि भाद्र २२ गतेसम्म भएका अपराधको रोकथाम तथा कसुरदारहरूलाई गरिने व्यवहारसम्बन्धी आठौं संयुक्त राष्ट्रसङ्घीय कङ्ग्रेस, हवाना, क्युबाद्वारा अवलम्बन गरिएको कानुनको पालना गराउने अधिकारीहरूद्वारा बल तथा बन्दुकको प्रयोगसम्बन्धी आधारभूत सिद्धान्त।

[७] गैरकानुनी तथा स्वेच्छाचारी हत्याको प्रभावकारी रोकथाम तथा अनुसन्धानसम्बन्धी सिद्धान्त, ई.एस.सी प्रस्ताव १९८९/६५, अनुसूची, १९८९ यू.एन एस्कोर सप. (१ नम्बर), ५२, यू.एन दस्तावेज ई/१९८९/८९ (१९८९)।

तथा पारदर्शी हुनु आवश्यक छ। पीडितहरूको अधिकारका सम्बन्धमा, आईसीसीपीआरको धारा २.३ का अनुसार (क) कुनै पनि व्यक्तिले प्रभावकारी न्यायिक उपचार पाउनेछ; (ख) त्यस्तो न्यायिक उपचारको दाबी गर्ने कुनै पनि व्यक्तिलाई अधिकारप्राप्त न्यायिक, प्रशासनिक वा कानुनी राज्यअधिकारीहरू वा राज्यको कानुनी प्रणालीले व्यवस्था गरेको अन्य कुनै अधिकारप्राप्त राज्यअधिकारीले निर्धारण गरेअनुसारको न्यायिक उपचारको अधिकार हुनेछ; (ग) त्यस्ता न्यायिक उपचार प्रदान गरेपछि अधिकारप्राप्त राज्यअधिकारीहरूले तिनलाई कार्यान्वयन गर्नेछन्। अन्तर्राष्ट्रिय दस्तावेजहरूमा भएका अन्य विभिन्न प्रावधानहरूले प्रभावकारी न्यायिक उपचार तथा परिपूरणको व्यवस्थालगायत न्यायमा समान तथा प्रभावकारी पहुँच आवश्यक भएको बताएका छन्।

गैरन्यायिक हत्या रोक्न तथा त्यसका लागि व्यक्तिहरूलाई जवाफदेही तुल्याउनमा भएको राज्यअधिकारीहरूको विफलता पनि अन्तरिम संविधानलगायत नेपाली कानुन र नियमले संरक्षण गरेको मर्यादाका साथ बाँच्न पाउने अधिकारको उल्लङ्घन हो।

धेरै कुरामा विद्यमान कानुन तथा कार्यविधिहरू पर्याप्त भएपनि अन्तर्राष्ट्रिय मानवअधिकार कानुनबमोजिम, वर्तमान कानुनी खाकामा हिंसाको प्रयोग हुन दिने, वा अझ तिनलाई प्रोत्साहन गर्ने, खालका प्रावधानहरूलाई सम्बोधन गर्नैपर्छ। उदाहरणार्थ, स्थानीय प्रशासन ऐन (२०२८) तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन (२०२९) का प्रावधानहरूले सरकारी सम्पत्ति वा वन्यजन्तुको संरक्षणका लागि घातक बलको प्रयोगलाई अनुमति दिएका छन। तर यी दुवै स्थितिमा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअन्तर्गत घातक बलको प्रयोगलाई न्यायोचित ठहऱ्याइँदैन। प्रहरी ऐन (२०१२) तथा प्रहरी नियमावली (२०४९)मा उल्लेख गरिएका नेपाल प्रहरीका लागि आन्तरिक अनुसन्धान गर्ने कार्यविधि तथा सशस्त्र प्रहरी ऐन (२०५८) तथा सशस्त्र प्रहरी नियमावली (२०६०) मा उल्लेख गरिएका सशस्त्र प्रहरी बलका लागि आन्तरिक अनुसन्धान गर्ने कार्यविधि स्वतन्त्र तथा निष्पक्ष अनुसन्धान सुनिश्चित गर्न अपर्याप्त छन्। प्रहरी ऐन (२०१२) तथा सशस्त्र प्रहरी ऐन (२०५८)द्वारा परिकल्पना गरिएको विशेष अदालतको व्यवस्थाले सर्वसाधारणविरुद्ध अत्यधिक बलको प्रयोगलाई कसुरको रूपमा समावेश गरेको छैन।

## ४. <u>पहिचान भएका मुद्दाहरू</u>

यस सारसङ्क्षेपमा उल्लेख गरिएका तथा परिशिष्टमा भएका घटनाहरूद्वारा थप प्रष्ट पारिएका आरोपहरूले उस्तैखाले प्रवृत्तिलाई देखाएका छन्। ती प्रवृत्ति हुन्: शङ्कित अपराधी रहेको स्थानबारे प्रहरीले जानकारी प्राप्त गर्छ अनि या त प्रहरीले त्यस ठाउँमा कारबाही गर्छ, जसमा शङ्कित व्यक्तिलाई गोली हानिएको हुन्छ या कुनैकुनै घटनामा हिरासतमा लिएपछि शङ्कित व्यक्तिलाई मारिएको हुन्छ। आफ्ना अनुगमन गतिविधिको क्रममा उच्चायुक्तको कार्यालयले गैरकानुनी हत्याका आरोपहरूको सही ढङ्गबाट अनुसन्धान गर्न नसक्नुको पछाडिका केही कारकतत्त्वहरूको पहिचान गरेको छ। यस्ता तत्त्वहरूमा प्रहरीमाथि हुने राजनीतिक तथा सार्वजनिक दबाब, पीडितहरूको न्यायमा पहुँचको अभाव, सुरक्षा तथा कानुनको पालना गराउने संरचनाभित्रका विश्वसनीय आन्तरिक जवाफदेहीता संयन्त्रको अभाव एवं विद्यमान कानुनी खाकामा रहेका कमीकमजोरीहरू पर्दछन्।

### *क. अन्तर्निहित कारणहरू: सार्वजनिक असुरक्षा तथा प्रहरी अनुसन्धान*

#### क. व्यापक सार्वजनिक असुरक्षाको प्रभाव

विगत केही वर्षमा नेपालभरि, विशेषरूपमा मध्य तथा पूर्वी तराईमा, सर्वसाधारणले आपराधिक गिरोह तथा सशस्त्र समूहद्वारा गरिने हत्या, जबर्जस्ती चन्दा असुली, अपहरण तथा लुटपाटका घटनाहरू झेल्नुपरेको छ। यी समूहहरूको आपराधिक गतिविधिलाई नियन्त्रण गर्नमा भइरहेको विफलताले परम्परागतरूपमा प्रहरीको न्यूनतम उपस्थिति रहने गरेको ग्रामीण समुदायमा व्यापक असुरक्षाको भावना सिर्जना गरेको छ। यी क्षेत्रमा रहेका समुदायभित्र तथा सीमा सुरक्षा चौकीहरूमा प्रहरीको पुनर्स्थापनासँगै स्थानीय सरकारमाथि समुदायहरूद्वारा कारबाही गर्न उल्लेख्य दबाब परेको छ। गैरन्यायिक हत्याको आरोप लागेपछि प्रहरी कर्मचारीले कहिलेकाहीं समुदायका सदस्यहरू - विशेषगरी राजनीतिसँग आबद्ध व्यक्तिहरू - ले आफूमाथि दिएको दबाबतर्फ इङ्गित गर्दै आफ्ना कारबाहीलाई न्यायोचित ठहऱ्याउँछन्। यो दबाब प्रायः वास्तविक हुन्छ। समुदायका सदस्यहरू बेलाबखत भौतिक बलप्रयोगको समर्थन र

शङ्कास्पद घटनाहरूको अनुसन्धानको विरोधमा निक्लेका छन्। देशका यी भागहरूमा उचित प्रक्रिया तथा शङ्कित अपराधीका अधिकारबारे सर्वसाधारणलाई जानकारी दिने सार्वजनिक सूचना अभियान छँदैछैन भने पनि हुन्छ। सार्वजनिक सुरक्षा प्रदान गर्ने तथा कानुनी शासन लागू गर्ने दुवै कार्यमा प्रहरीको भूमिकाबारेको अझ व्यापक बुझाइले स्थानीयतहमा दबाब कम गर्नमा मद्दत गर्नसक्थ्यो।

### ख. पूर्ण अनुसन्धानमा राजनीतिक हस्तक्षेपले ल्याएको निरुत्साह

सामुदायिक दबाबका अतिरिक्त, राजनीतिक दलका स्थानीय नेताहरूलगायत राम्रो सम्पर्क भएका राजनीतिक पात्रहरूले पनि प्रहरी अनुसन्धानमा निरन्तररूपले हस्तक्षेप गर्छन् जसको परिणामस्वरूप अन्यथा आफ्ना गतिविधिका लागि अभियोग लाग्ने तथा सजाय पाउने अपराधीहरू छुट्छन् भनेर फिल्डमा कार्यरत प्रहरी कर्मचारीहरू एकनासले गुनासो गर्ने गर्छन्। यस्तो दबाबले प्रहरीलाई सामान्य कानुनी कार्यविधिको पालना गर्नमा निरुत्साह ल्याएको प्रमाण छ। अधिकारीहरूले शङ्कितहरूलाई थुनेर सम्बन्धित व्यक्तिलाई रिहा गर्न राजनीतिक नेताहरूबाट आउने दबाबको स्थितिको सामना गर्नुभन्दा पक्राउको समयमा नै अत्यधिक बलको प्रयोगलाई नै रोज्न सक्ने खतरा रहेको छ। राष्ट्रियस्तरमा मन्त्रीपरिषद्ले बलात्कार र ज्यानमुद्दालगायतका गम्भीर फौजदारी मुद्दाहरू फिर्ता लिन पहिला नै आदेश दिइसकेको छ। सशस्त्र समूहका सदस्यहरूविरुद्ध निर्णायक तथा कहिलेकाहीं कानुनदेखि बाहिर गएर कारबाही गर्न प्रहरी भित्रैबाट पनि दबाब आउँछ र वरिष्ठ प्रहरी अधिकारीहरूले सशस्त्र समूहका शङ्कित सदस्यविरुद्ध घातक बलको प्रयोगबारे वकालत गर्दै सार्वजनिक रूपमा अभिव्यक्ति दिएका छन्। प्रहरी वा राष्ट्रिय निकुञ्ज वा आरक्षण क्षेत्रमा गस्ती गरिरहेका नेपाली सेनाका कर्मचारीहरू जस्ता सुरक्षाफौजका अन्य शाखाका सदस्यहरूद्वारा अत्यधिक बल प्रयोग गरिएको भनिएका घटनाहरूमाथि अनुसन्धान नगर्न तल्लोतहका अधिकारीहरूलाई प्रायः दबाब आउने गर्छ।

### *ख. न्यायमा पहुँच तथा कानुनी जवाफदेहीतामा रहेका व्यवधानहरू*

#### क. जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार

थुप्रै घटनाहरूमा प्रहरीले गैरन्यायिक हत्या भनिएका घटनामा पीडितका आफन्तहरूले पेस गरेका जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरेका छन्। अन्य घटनामा अनुसन्धानका लागि जिम्मेवार स्थानीय प्रहरी वा आरोपित प्रहरी अधिकारीका सहकर्मीहरूले आफूविरुद्ध प्रतिशोध लिने डरले परिवारका सदस्यहरूले जाहेरी दर्खास्त दर्ता गर्ने निर्णय गर्दैनन्। जमुना सिंहको घटनामा (घटना अध्ययन १, परिशिष्ट क) प्रहरीले पीडित परिवारलाई घटनामा संलग्न प्रहरी कर्मचारीविरुद्ध जाहेरी दर्खास्त दर्ता गर्नबाट रोक्नका लागि उक्त परिवारका एक सदस्यविरुद्ध अनुसन्धानसमेत सुरु गऱ्यो। बर्दिया राष्ट्रिय निकुञ्जमा नेपाली सेनाका कर्मचारीद्वारा गरिएका हत्याको घटनामा (घटना अध्ययन ७) राज्यअधिकारीहरूले परिवारका सदस्यहरूलाई आफ्ना आफन्तहरूको मृत्युका लागि फौजदारी जवाफदेहीता नखोज्न दबाब दिए। विवादास्पद घटनाहरूमा कहिलेकाहीं प्रहरी कमान्डरहरू जाहेरी दर्खास्त दर्ता गर्न बाहिरी अनुरोध नआएसम्म अनुसन्धान अघि बढ्न नसक्ने अडान लिन्छन् (जसको कुनै कानुनी आधार छैन)। थोरै घटनाहरूमा प्रहरीले अदालत, पीडितका वकिल वा मानवअधिकार सङ्गठनहरूको सकारात्मक हस्तक्षेपपश्चात् जाहेरी दर्खास्त दर्ता गरेका छन्। प्रहरीले मनोज पटेल (घटना अध्ययन २)को घटनामा पुनरावेदन अदालतको आदेशपछि मात्रै जाहेरी दर्खास्त दर्ता गऱ्यो। जाहेरी दर्खास्त दर्ता गरेको भए पनि नगरेको भए पनि यस्ता सबै आरोपहरूको अनुसन्धान गर्नुपर्ने प्रहरीको दायित्व भए तापनि जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गर्ने प्रवृत्ति यति व्यापक छ कि यो त्यस्ता गैरकानुनी भनिएका प्रहरी कारबाहीका सम्बन्धमा हुने छानबिनबाट बच्नका लागि अनौपचारिक नीति नै बनिसकेको देखिन्छ।

#### ख. घटनाहरूको ढाकछोपः "भिडन्तका क्रममा भएका हत्या"

उच्चायुक्तको कार्यालय तथा अन्य मानवअधिकारवादी सङ्गठनहरूले गैरन्यायिक हत्याका आरोपहरूलाई प्रहरी तथा नागरिक राज्यअधिकारीसमक्ष उठाउँदा ती हत्या सशस्त्र आपराधिक समूहहरूसँग दैनिक प्रहरी कारबाहीमा "भिडन्त"का क्रममा भएका भन्ने एउटै जवाफ आउँछ। यस्ता घटनाहरू भएकोमा कुनै शङ्का छैन तर राज्यअधिकारीहरूले यसलाई प्रायः सधैं कुन परिस्थितिमा मृत्यु भयो भन्ने कुराको अनुसन्धान नगर्ने कुरालाई जायज ठहऱ्याउन प्रयोग

गर्दछन्। यी घटनाहरूमा प्रहरीले “स्थलगत अनुसन्धान” गर्छन् र घटनालाई “आकस्मिक मृत्यु” भनी दर्ता गर्दछन्, जसलाई पछि पूर्ण अनुसन्धान नगर्नु पछाडिको औचित्य पुष्टि गर्न प्रयोग गरिन्छ। हत्याको दुई वर्षपछि (कुनै उजुरी दर्ता नभएमा) अभियोजनलाई निषेध गर्ने मुलुकी ऐनको ज्यानसम्बन्धी महलको नं. २० लाई केही प्रहरी अनुसन्धानकर्ताले सम्भावित गैरन्यायिक हत्याका मिसिललाई खारेजीका निम्ति सरकारी वकिलसमक्ष पठाउनुपूर्व दुई वर्षसम्म राख्नुको औचित्यका रूपमा व्याख्या गरेका छन्।

उच्चायुक्तको कार्यालयले अनुगमन गरेका केही घटनाका सम्बन्धमा प्रहरीद्वारा उपलब्ध गराइएको घटनाको विवरण प्रत्यक्षदर्शीका बयान एवं प्रहरी आफैंले सङ्कलन गरेका प्रमाण तथा शवपरीक्षण प्रतिवेदनसँग बाझिएको छ। गैरन्यायिक हत्या भनिएका एकदमै थोरै घटनाहरू - प्रहरी र सशस्त्र समूहबीच गोली हानाहानको फलस्वरूप भएको भनी अधिकारीहरूले दाबी गरेका घटनासमेत - मा मात्र प्रहरी अधिकारीहरूलाई बन्दुकबाट चोटपटक लागेको छ। उच्चायुक्तको कार्यालयद्वारा अभिलेखन गरिएका कतिपय घटनाहरूमा शङ्कित तथा प्रत्यक्षदर्शीहरूले हत्यालाई उचित ठहऱ्याउन प्रहरीले हत्यापश्चात् मृत व्यक्तिको शरीरमा हतियार राखेको आरोप लगाएका छन्। अभिलेखलाई राम्रोसँग राख्न नसक्नु तथा प्रहरी कारबाहीका क्रममा जफत गरिएका हातहतियारहरूको असुरक्षित भण्डारणले गर्दा यी आरोपहरूलाई अस्वीकार गर्न प्रायः गाह्रो हुन्छ। यसको अर्थ प्रहरी कर्मचारीहरू अत्यन्त कठिन तथा असुरक्षित परिस्थितिमा काम गर्दैनन् भन्न खोजिएको होइन। माथि भनेजस्तै जीवनमाथि नै खतरा भएको अवस्थामा र तिनबाट बच्ने कुनै उपाय नभएमा आत्मरक्षाका लागि प्रहरीलाई घातक बलको प्रयोग गर्ने अधिकार छ। तथापि “भिडन्तका क्रममा भएका हत्या”का थुप्रै घटनामा प्रहरी कारबाहीका क्रममा मृत्युभन्दा कानुनी पक्राउमात्र हुन सक्थ्यो भन्ने पर्याप्त प्रमाण छ।

### ग. प्रहरी अनुसन्धानको स्वतन्त्रता तथा निष्पक्षता

नेपालमा फौजदारी कारबाहीका लागि सामान्यतया कुनै घटना भएको भनिएको ठाउँबाट सबैभन्दा नजिकैको प्रहरी कार्यालयमा जाहेरी दर्खास्त दर्ता गर्नुपर्ने हुन्छ। प्रहरी आफैं पीडक भनिएका आपराधिक घटनामा समेत यस्तो हुनुपर्ने हो। धेरै घटनामा प्रहरी कार्यालयका जुन अधिकारीबारे अनुसन्धान गर्नुपर्ने हो उनीहरू आफैं नै अनुसन्धानकर्ता भएर काम गर्छन्। यसले यी अनुसन्धानहरू न स्वतन्त्र न त निष्पक्ष नै हुन्छन् भन्ने चिन्ता उठाउँछ। उदाहरणार्थ, धनुषा जिल्लामा एक प्रहरी अधिकारीले धेरै प्रत्यक्षदर्शीका सामुन्ने एकदमै नजिकबाट गोली हानी एकजनाको हत्या गरेको घटनामा, प्रमुख जिल्ला अधिकारीद्वारा गठित नेपाल प्रहरी विशेष अदालतले ती प्रहरी अधिकारीको हतियारमाथिको नियन्त्रण गुमेको भन्ने सामान्य कसुरको मात्र अनुसन्धान गरी उक्त व्यक्तिको मृत्यु हुनेगरी अत्यधिक बलको प्रयोग भएको वा नभएको बारे अनुसन्धान गरेन। त्यसको विपरीत, नेपाल प्रहरीले आफ्नै सहकर्मीमाथि अनुसन्धान नगरेको अवस्थामा चितवन राष्ट्रिय निकुञ्जका नेपाली सेनाका कर्मचारीद्वारा गरिएको भनिएको गैरन्यायिक हत्याका सम्बन्धमा उसले गरेको अनुसन्धानले उनीहरू पूर्ण र व्यावसायिक काम गर्न सक्छन् भन्ने देखाएको छ (यद्यपि सेनाको असहयोग एउटा प्रमुख अवरोध रहेकै छ)।

एउटै जिल्लामा आफ्ना सहकर्मीहरूबारे अनुसन्धानरत प्रहरीको स्वार्थमा देखिएको स्पष्ट अन्तर्द्वन्द्वका अतिरिक्त त्यस्ता अनुसन्धानहरू कहिलेकाहीं जानीजानी कमजोर र करकापपूर्ण अनुसन्धान विधिबाट प्रभावित भएका हुन्छन्। उच्चायुक्तको कार्यालयद्वारा अभिलेख गरिएका कतिपय घटनामा प्रहरीले गैरन्यायिक हत्या गरिएको भनिएका घटनाहरूलाई आकस्मिक मृत्युमा वर्गीकरण गरी अत्यन्त फितलो तर्कसहित अनुसन्धान प्रतिवेदन पेस गरेको छ। कहिलेकाहीं गोली छिरेको र निस्केको घाउबारेसमेत उल्लेख नगरिएको कमजोर शवपरीक्षण प्रतिवेदनले आरोपहरूको सटीक मूल्याङ्कन गर्ने कामलाई थप कठिन बनाउँछ र पूर्ण अनुसन्धान गर्न राज्यअधिकारीहरूमा प्रतिबद्धताको अभाव रहेको अनुभूति दिलाउँछ। अन्य घटनामा साक्षीहरूलाई करकापमा पारी खाली कागजमा हस्ताक्षर गराइएको र त्यस्ता खाली कागजहरू भरेर पछि पीडकलाई दोषमुक्त गर्ने प्रमाणका रूपमा प्रयोग गर्ने गरिएको दाबी साक्षीहरूले गरेका छन्। अरूलाई मानवअधिकार सङ्गठनहरूसँग नबोल्न धम्की दिइयो। पूरा गरिएको भए पनि त्यस्ता अनुसन्धानका नतिजा बिरलै मात्र सार्वजनिक गरिएका छन् वा जिल्लाका राज्यअधिकारीहरूलाई समेत तीबारे बिरलै मात्र जानकारी दिने गरिएको छ।

### घ. अभियोजक तथा अदालतहरूको सुपरीवेक्षणकारी जिम्मेवारी

अन्तरिम संविधानलगायत नेपाली कानुनले महान्यायाधिवक्ता र सरकारी वकिलहरूलाई जाहेरी दर्खास्तहरू सटीक र काम गर्नयोग्य होऊन् भन्ने कुरा सुनिश्चित गर्नेलगायत प्रहरी अनुसन्धानको सुपरीवेक्षण गर्ने अधिकार दिएको छ। महान्यायाधिवक्ताको कार्यालयका अनुसार, सरकारी मुद्दासम्बन्धी ऐन (२०४९)ले सरकारी वकिलहरूलाई प्रारम्भिक प्रतिवेदन पेस गरेपछि मात्र प्रहरी अधिकारीहरूलाई निर्देशन दिने अनुमति दिन्छ। माथि उल्लेख गरिएझैं, प्रहरीले — आकस्मिक मृत्यु' भनी उल्लेख गरेका घटनाहरूमा जिल्ला प्रहरीले कहिलेकाहीं सरकारी वकिलको कार्यालयमा फाइलहरू अगाडि बढाउनै दुई वर्ष लगाउँछ र त्यसबेलासम्ममा प्रभावकारी अनुसन्धान गर्न कठिन भइसकेको हुन्छ।

समग्रमा विशेषगरी गैरकानुनी हत्यामा प्रहरीको संलग्नता रहेको भन्ने आरोप लागेमा अभियोजकहरू प्रहरी अनुसन्धानमा सकारात्मक हस्तक्षेप गर्न अनिच्छुक हुन्छन् भन्ने कुराको उच्चायुक्तको कार्यालयका अनुसन्धानहरूले सङ्केत गर्दछन्। अनुसन्धानहरू पूर्ण होऊन् भन्ने कुरा सुनिश्चित गर्न सरकारी वकिलको कार्यालयले सकारात्मक हस्तक्षेप गरेको कुनै पनि घटनाको उच्चायुक्तको कार्यालयले अभिलेखन गर्न पाएको छैन। प्रमाणमाथि चलखेल वा जालसाजीलाई दुरुत्साहन गर्न यो सुपरीवेक्षणकारी कार्य एउटा अत्यावश्यक सुरक्षाकवच हो। यस सुपरीवेक्षणकारी अधिकारको उपयुक्त अभ्यासले प्रहरीलाई अनुसन्धानमा अवरोध ल्याउन खोज्ने समुदाय तथा राजनीतिक पात्रहरू दुवैबाट आउने दबावलाई झेल्नसक्ने बनाउँछ।

न्यायाधीशहरूले रिटसम्बन्धी आफ्नो क्षेत्राधिकारअनुसार प्रहरी अनुसन्धानहरूको मिहिन किसिमले अध्ययन गर्न चाहेको अवस्थामा कहिलेकाहीं कुनै घटनालाई थप अनुसन्धानका लागि प्रहरीकामा फिर्ता पठाएका वा विवादास्पद मुद्दाहरूमा जाहेरी दर्खास्त दर्ता गर्न आदेश गरेका छन्। त्यसको पनि प्रहरीले सधैं पालना गरेको छैन। उदाहरणार्थ, जमुना सिंहको मुद्दामा जाहेरी दर्खास्त दर्ता गर्न पुनरावेदन अदालतले दिएको आदेशविरुद्ध प्रहरीले त्यस्तो दर्खास्त दर्ता नगरी सर्वोच्च अदालतमा पुनरावेदन गरेको दाबी गऱ्यो। यसरी सर्वोच्च अदालतले अर्को कुनै थप निर्णय नगरुन्जेल पुनरावेदन अदालतकै आदेश बाध्यकारी रूपमा कायम रहने कुरालाई प्रहरीले बेवास्ता गरेको छ। कुनै घटनाको अनुसन्धान गर्न प्रहरीले आफ्नो भरमग्दुर प्रयत्न गरिरहे पनि नेपाली सेनाजस्ता राज्यका अन्य संस्थाहरूबाट सहयोग प्राप्त गर्न नसकिरहेको अवस्थामा न्यायिक निगरानीले पनि भूमिका खेल्न सक्छ।

### ङ. मूल्याङ्कन तथा बढुवा

केही घटनाहरूमा, गैरन्यायिक हत्यामा संलग्न भएको विश्वसनीय आरोपहरू लागेका प्रहरी अधिकारीहरूबारे अनुसन्धान गर्नुको सट्टा उनीहरूलाई बढुवा गरिएको छ। अनुसन्धान सुरु गरिएको एउटा घटनामा गैरन्यायिक हत्याहरू भएको भनिएको एक जिल्लाका प्रहरी नायब उपरीक्षकलाई उनी मुछिएको मुद्दा थाती रहेको अवस्थामा पनि पछि संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यमा सहभागी हुन मनोनयन र बढुवा गरिएको थियो। उनको संलग्नताको आरोपका कारण संयुक्त राष्ट्रसङ्घद्वारा पछि उनलाई जानमा रोक लगाइयो। नेपाल प्रहरी आफ्ना अधिकारीहरूविरुद्धको आरोपबारे अनुसन्धान गर्न अनिच्छुक रहेको मात्र नभई उनीहरूलाई सक्रिय रूपमा बढुवा समेत गरेबाट गैरन्यायिक हत्या जस्ता मानवअधिकारका गम्भीर उल्लङ्घनलाई माफी दिइन्छ भन्ने सन्देश प्रहरी अधिकारीहरू र सर्वसाधारणमा जाने खतरा हुन्छ।

### *ग. नेपाली सेनाको असहयोग*

यस प्रतिवेदनमा अभिलेखन गरिएकामध्ये छवटा मृत्युका घटनाहरू बर्दिया तथा चितवन राष्ट्रिय निकुञ्जहरू र पर्सा वन्यजन्तु आरक्षको गस्ती गर्दा नेपाली सेनाका कर्मचारीहरूद्वारा भएको गैरकानुनी बल प्रयोगको परिणामस्वरूप भएको हो भनिन्छ। सेना तथा राष्ट्रिय निकुञ्जका अधिकारीहरूले पीडितहरू चोर-शिकारी रहेका र आत्मरक्षामा सेनाका कर्मचारीहरूले गोली चलाउँदा उनीहरू मारिएको दाबी गर्दै हत्यालाई उचित ठहऱ्याएका छन्। यी सबै घटनासम्बन्धी दाबीहरूमाथि शङ्का उत्पन्न गराउने प्रमाण छ र यसले स्वतन्त्र अनुसन्धान गर्नुपर्ने खाँचो औंल्याउँछ। यी घटनाहरूमा सोधपुछका लागि आफ्ना कर्मचारीहरूलाई प्रहरीमा उपलब्ध नगराएरसमेत सेनाले प्रहरी अनुसन्धानमा सहयोग गरेको छैन। एक १२ वर्षीया बालिकासमेत तीन महिला मारिएको बर्दिया राष्ट्रिय निकुञ्जको त्यो घटनामा (घटना अध्ययन ७) सेना र राष्ट्रिय निकुञ्जका अधिकारीहरूले पीडितका परिवारहरूलाई फौजदारी उजुरी फिर्ता लिन दबाब दिएर फौजदारी

जवाफदेहीतामा अवरोध उत्पन्न गर्न सक्रिय भूमिका खेले। संशोधित सैनिक ऐनमा यस्ता मुद्दाहरूको अनुसन्धान र अभियोजन स्पष्टतः नागरिक राज्यअधिकारीहरूको क्षेत्राधिकारअन्तर्गत पर्ने भन्ने भाषा राखिएको भए पनि सेनाले आफ्नो असहयोगलाई जारी राखेको छ। यी घटनाहरूले जीवनमाथि तत्काल खतरा नरहेको अवस्थामा बन्दुकको प्रयोग गर्न अनुमति दिएजस्तो देखिने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनमा रहेका कमीकमजोरीमाथि पनि प्रकाश पार्दछन्।

### *घ. राष्ट्रिय मानवअधिकार आयोगको भूमिका*

गैरन्यायिक हत्या रोक्नमा राष्ट्रिय मानवअधिकार आयोग (आयोग)को महत्त्वपूर्ण भूमिका रहेको छ। संवैधानिक निकायका रूपमा राष्ट्रिय मानवअधिकार आयोगलाई वरिष्ठ अधिकारीलाई सोधपुछका लागि समाह्वान र सरकारलाई सिफारिस गर्न पाउने अधिकारलगायत बलियो कार्यदिश र अधिकार प्राप्त छ। आयोगले परिशिष्ट “ग” मा अभिलेख गरिएका ३९ घटनाहरूमध्ये कम्तीमा पन्ध्रवटाको अनुसन्धान आफूले पूरा गरेको वा सक्रिय रूपमा अनुसन्धान गरिरहेको पुष्टि गरेको छ। यीमध्ये पाँचवटा घटनामा उसले सिफारिस गरेको छ। आयोगका अनुसार आफ्ना कुनै पनि कार्यालयमा दर्ता भएका सबै घटनाहरूमाथि यसले काम गर्न पहल गरेको छ।

राष्ट्रिय मानवअधिकार आयोग र उच्चायुक्तको कार्यालयबीच सन् २००९ फेब्रुअरीमा सहयोगसम्बन्धी मार्गनिर्देशनमा हस्ताक्षर भएयता उच्चायुक्तको कार्यालयले गैरन्यायिक हत्याका घटनाहरूलाई औपचारिक रूपमा आयोगमा रेफर गर्दै आएको छ। तर, यीमध्ये केही घटनाहरूको मात्र अनुसन्धान सुरु गरिएको देखिएको छ र यसमा केही मात्रामा संसाधनको अभाव, पुराना मुद्दाहरूको थुप्रो तथा अप्रभावकारी घटना व्यवस्थापन प्रणालीजस्ता कारण पनि रहेका छन्। अनुसन्धान गरिएका घटनामा आयोग कहिलेकाहीँ आफ्ना निष्कर्षहरू प्रकाशमा ल्याउन वा त्यसबारे जानकारी दिन अनिच्छुक रहेको छ। उदाहरणार्थ, सप्तरी जिल्लामा भएका गैरन्यायिक हत्याका सम्बन्धमा आयोगको पूर्वाञ्चल क्षेत्रीय शाखाले पूर्ण अनुसन्धान सम्पन्न गरी निर्णय गरेको देखिन्छ तर त्यो अझै अप्रकाशित नै छ (घटना अध्ययन ३)। जमुना सिंहको घटनामा अनुसन्धान सुरु गरिएको साढे दुई वर्षभन्दा बढी समय बितिसकेको छ र आयोगले यसको निष्कर्ष प्रकाशन गर्न बाँकी नै छ।

आयोगले सार्वजनिक सिफारिस गरेको जितेन्द्र तिवारी (घटना अध्ययन ४), मनोज पटेल तथा अन्यका मुद्दाहरूसमेतका सिफारिसहरू कार्यान्वयन गर्ने सार्वजनिक प्रतिबद्धताका बाबजुद सरकार तिनलाई कार्यान्वयन गर्न बारम्बार विफल भएको छ। वास्तवमा यी घटनाहरूसम्बन्धी आयोगका सार्वजनिक सिफारिसहरूमध्ये कुनैलाई पनि सरकारले पूर्णरूपमा कार्यान्वयन गरेको छैन। सरकार आयोगका सिफारिसहरूलाई कार्यान्वयन गर्न सहमत भए पनि फौजदारी अनुसन्धान र अभियोजनमा भन्दा आर्थिक क्षतिपूर्तिमा मात्र यो केन्द्रित रहेको छ। आयोगले फौजदारी कारबाही गरियोस् भनी सिफारिस गरेका घटनाहरूमा अभियोजन गर्ने अन्तिम जिम्मेवारी महान्यायाधिवक्ताको कार्यालयमा भएकोमा उसले त्यसो गरेको छैन। शून्य वा आंशिक कार्यान्वयनको यस प्रवृत्तिले आयोगको विश्वसनीयतालाई क्षति पुऱ्याउँछ र सरकारको प्रतिबद्धतामाथि प्रश्नचिह्न लगाउँछ। यसले भावी उल्लङ्घनहरू रोक्न निवारकको रूपमा कार्य गर्ने आयोगको क्षमतालाई पनि सीमित पार्छ।

## ५. निष्कर्ष तथा सिफारिसहरू

नेपालमा हिंसाको प्रयोगको वकालत गर्ने आपराधिक सशस्त्र समूह तथा राजनीतिक सङ्गठनहरूले गम्भीर सार्वजनिक सुरक्षाको समस्या सिर्जना गरेका छन्, खासगरी पूर्वी तथा मध्य तराई क्षेत्रमा। दुर्भाग्यवश, सार्वजनिक सुरक्षामा सुधार गर्ने सरकारका प्रयासहरूलाई सुरक्षाफौजका केही सदस्यहरूद्वारा गैरकानुनी हत्या गरिएका छन् भन्ने आरोपहरूले क्षति पुऱ्याएको छ। अधिकांश नागरिक तथा प्रहरी अधिकारीहरूले यस्तो भइरहेको कुरालाई अस्वीकार गरे तापनि विगत दुई वर्षमा यस्ता धेरै घटनाहरू भएका समाचारहरू आएका छन् र तिनलाई अभिलेखन गरिएको छ।

कहिलेकाहीँ हिंसात्मक अपराधको प्रवृत्ति देखिएको अवस्थामा प्रहरीको उपस्थितिमा वृद्धि, प्रहरीको बढी आक्रामक कार्यनीति अथवा सशस्त्र प्रहरी बल जस्ता निकायका कार्यदेशको विस्तार जस्ता तत्काल गर्नुपर्ने कारबाहीलाई उचित ठहऱ्याउन सकिने भए तापनि नेपालले चाहेको उच्चतमस्तरको मानवअधिकार मापदण्डहरू र हिंसात्मक घटनाहरूको अनुसन्धान गर्न मूलतः जिम्मेवार फौजदारी न्याय प्रणाली तथा नेपाल प्रहरीको क्षमता अभिवृद्धिको मूल्यमा यो काम गर्नु हुँदैन। सशस्त्र समूहका धम्कीलाई अर्धसैनिक उपायहरूद्वारा समाधान गर्नुपर्ने आतङ्ककारी धम्कीको रूपमा व्यवहार गर्ने

कार्यले स्वतन्त्र अनुसन्धानात्मक क्षमतासहितको प्रहरीलगायत फौजदारी न्याय प्रणाली अत्यन्त जरुरी सहयोग र विकासको खाँचोमा रहेको समयमा तराईमा प्रहरीद्वारा गरिने कार्यको सैनिकीकरणमा योगदान पुऱ्याउने खतरा हुन्छ।

गैरन्यायिक हत्यालाई निम्त्याउने समस्याहरू र त्यसमा भएको जवाफदेहीताको अभाव प्रणालीगत रूपमा फैलिएको कुरालाई प्रतिवेदनले देखाउँछ। त्यसका लागि कानुन तथा नीतिमा संशोधन हुनु आवश्यक छ र त्यो सरकारद्वारा वा विधायिकी प्रक्रियाद्वारा मात्र गर्न सकिन्छ। तर, मुख्य समस्याको रूपमा रहेको सुरक्षाफौजमा व्याप्त तथा सरकारमाथिको सार्वजनिक विश्वासलाई क्षयीकरण गर्ने दण्डहीनताको संस्कृतिलाई समुचित न्यायिक प्रक्रिया सुरु नगरेसम्म अथवा यी आरोपहरूबारे अनुसन्धान गर्ने अधिकारसहितको स्वतन्त्र सरकारी निकायका लागि खाका तयार नगरेसम्म गैरकानुनी हत्यामा मुछिएका हुनसक्ने व्यक्तिहरूविरुद्ध तत्काल कारबाही चालेर यसलाई सम्बोधन गर्न सकिन्छ।

यस प्रतिवेदनमा प्रस्तुत अनुगमन तथा विश्लेषणमा आधारित भएर उच्चायुक्तको कार्यालयले देहायका सिफारिसहरू गरेको छः

*प्रधानमन्त्रीको कार्यालय तथा गृह मन्त्रालयलाई*

→ हालको विशेष सुरक्षा योजनाको कार्यान्वयनको सन्दर्भमा एवं विगतका सुरक्षा कारबाहीमा भएका र भावी कारबाहीमा हुने गैरन्यायिक हत्याको प्रयोगका सम्बन्धमा सबै आरोपहरूको पूर्ण रूपमा अनुसन्धान गर्ने सरकारी दायित्व पूरा गर्न तत्काल कदमहरू चाल्न;

→ स्वतन्त्र प्रहरी उजुरी आयोग वा राज्यपक्षद्वारा गरिएको भनिएका अपराधहरूबारे अनुसन्धान तथा अभियोजन गर्न विशेष अनुसन्धानात्मक एकाइ जस्ता बाह्य निगरानी संयन्त्रहरूको स्थापना गर्न। यसले शङ्कितहरूका साथै प्रहरी अधिकारीहरूलाई झुठा आरोपहरूबाट पनि संरक्षण गर्दछ;

→ कुनै पनि यस्तो निगरानी संयन्त्रलाई, अन्य कुराका अतिरिक्त, सर्वसाधारणबाट उजुरीहरू लिने र अनुसन्धान गर्ने कार्यदिश प्राप्त गर्न, फौजदारी अभियोजन तथा विभागीय कारबाहीका लागि मुद्दाहरू रेफर गर्न सक्ने बनाउन; सञ्चालनको हिसाबले स्वतन्त्र तथा पर्याप्त मात्रामा स्रोत साधनयुक्त हुने र सरकार तथा सर्वसाधारणका लागि नियमित प्रतिवेदनहरू जारी गर्ने कुरा सुनिश्चित गर्न;

→ साक्षी एवं पीडित र तिनका परिवारजनलाई सहायता तथा संरक्षण गर्न उपायहरूको अवलम्बन गर्न;

→ गैरन्यायिक हत्याका आरोपहरू लागेका घटनासम्बन्धी पीडित तथा साक्षीको सहायतालगायतका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसहरू तथा सर्वोच्च अदालतका निर्णयहरूको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न ठोस उपायहरू अवलम्बन गर्न;

→ गैरन्यायिक हत्याका आरोपहरूबारे अनुसन्धान गर्न गठित सरकारी आयोगहरूका विगतका प्रतिवेदन सार्वजनिक गर्न;

→ सुरक्षाफौजका सबै कर्मचारीलाई उनीहरूलाई बढुवा वा संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यका लागि मनोनीत गर्नुभन्दा पहिले उनीहरूको कठोर मूल्याङ्कनलाई सुनिश्चित गर्न उपायहरू अवलम्बन गर्न;

→ आरोपित पीडकहरू जोसुकै भए पनि गैरकानुनी हत्यासम्बन्धी जाहेरी दर्खास्त दर्ता गर्न नेपाल प्रहरीलाई स्पष्ट निर्देशनहरू दिन।

*नेपाल प्रहरी कमान्डलाई*

→ आफ्नो ध्यानाकर्षण गराइएका गैरन्यायिक हत्याका आरोपहरूका सम्बन्धमा एक स्वतन्त्र अनुसन्धान संयन्त्रको स्थापनामार्फत् शीघ्र, पूर्ण तथा निष्पक्ष अनुसन्धान सुनिश्चित गर्न। यस्तो संयन्त्रमा आरोपित पीडकको रूपमा रहेका त्यही चेन अफ कमान्डभित्रका प्रहरी कर्मचारीलाई संलग्न गराउनु हुँदैन;

- → मृत्यु हुनेगरी भएको गैरकानुनी बलको घातक प्रयोगमा संलग्न भएको विश्वसनीय आरोप लागेका व्यक्तिहरूविरुद्ध जोसुकैलाई स्वतन्त्र तथा निष्पक्ष अनुसन्धानबाट सफाइ नपाइन्जेलसम्म सेवाबाट निलम्बनजस्ता तत्कालका लागि विभागीय कारबाही गर्न;

- → सम्बद्ध अधिकारीहरूका गोपनीयताको अधिकारको सम्मान गर्दै साक्षीहरूलाई डरत्रास देखाउने तथा कागजपत्र जालसाजी गर्ने जस्ता चालु अनुसन्धानमा हस्तक्षेप गर्नेलगायतका गैरन्यायिक हत्यासँग सम्बन्धित प्रहरी कार्यविधिको उल्लङ्घनका लागि गरिएको आन्तरिक अनुशासनात्मक कारबाहीलाई सार्वजनिक गर्न;

- → पक्राउका क्रममा जफत गरिएका हातहतियारहरू राम्रोसँग भण्डारण गर्ने तथा त्यसबारे कागजपत्र तयार गर्ने र गम्भीर आरोपहरू लागेका घटनामा "आकस्मिक मृत्यु"सम्बन्धी कानुनी प्रावधानहरूको दुरुपयोग हुन नदिने कुरालाई सुनिश्चित गर्न नीति तथा कार्यविधिहरूलाई परिमार्जन गर्न।

*महान्यायाधिवक्ताको कार्यालयलाई*

- → गैरन्यायिक हत्याका आरोपहरूबारे प्रहरी अनुसन्धानका सम्बन्धमा उपयुक्त सुपरीवेक्षणकारी अधिकारलाई सशक्त रूपमा प्रयोग गर्न अभियोजक न्यायाधिवक्ताहरूलाई निर्देशन दिन;

- → महान्यायाधिवक्ताको कार्यालयमा कार्यात्मक स्वतन्त्रतासहितको विशेष अभियोजकको नेतृत्वमा एक विशेष अनुसन्धान तथा अभियोजन एकाइ स्थापना गर्न। राज्यपक्षद्वारा भएका गैरन्यायिक हत्यालगायतका अपराधसम्बन्धी आरोपहरूको शीघ्र तथा पूर्ण अनुसन्धान गर्न त्यस्तो एकाइमा दक्ष तथा निष्पक्ष तालिम प्राप्त कर्मचारीहरू हुनुपर्छ।

*राष्ट्रिय मानवअधिकार आयोगलाई*

- → उच्चायुक्तको कार्यालयसँग सहमति भएको सहकार्यसम्बन्धी मार्गनिर्देशनबमोजिम आयोगलाई रेफर गरिएका गैरन्यायिक हत्यासम्बन्धी घटनालगायत सबै आरोपहरूबारे अनुसन्धान गर्ने कार्यलाई जारी राख्न;

- → सोधपुछका लागि उच्च अधिकारीहरूलाई बोलाउन पाउने अधिकारलगायत गैरन्यायिक हत्यासम्बन्धी आरोपहरूबारे अनुसन्धान गर्न पाउने आफ्नो संवैधानिक अधिकारको प्रयोग गर्न;

- → गैरन्यायिक हत्यासम्बन्धी आयोगले विगतमा गरेका अनुसन्धानहरूका निष्कर्ष तथा सिफारिसहरू सार्वजनिक गर्न तथा फौजदारी अभियोजन सुरु गर्नेलगायतका सिफारिसहरूको सरकारद्वारा पूर्ण कार्यान्वयनका लागि वकालत गर्न सबै उपायहरूको प्रयोग गर्न।

*व्यवस्थापिका-संसदलाई*

- → ज्यानलाई तत्काल खतरा नभएसम्म घातक बलको प्रयोग हुनुहुँदैन भन्ने अन्तर्राष्ट्रिय दायित्वसँग मेल खानेगरी स्थानीय प्रशासन ऐन र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनका विद्यमान प्रावधानलाई संशोधन गर्न;

- → दण्ड संहिता तथा फौजदारी कार्यविधि संहिताले औचित्य ठहऱ्याउन नसकिने घातक बलको प्रयोगलाई विशेषतः अपराधीकरण गरेर तथा गैरन्यायिक हत्या भएको भनिएका घटनाहरूमा जाहेरी दर्खास्त दर्ता गर्न र त्यसमा राज्यअधिकारीहरूलाई अनुसन्धान गर्न लगाउनेलगायत यस प्रतिवेदनमा भएका मुद्दाहरूलाई सम्बोधन गर्न सक्ने गरी प्रयासहरू गर्न।

*नेपाली सेनाको कमान्डलाई*

- → चालु अनुसन्धानमा नेपाली सेनाका कर्मचारीहरू प्रहरीलाई उपलब्ध गराउनेलगायत राष्ट्रिय निकुञ्ज र आरक्षहरूमा सेनाका कर्मचारी संलग्न गैरन्यायिक हत्या भनिएका घटनाहरूमा प्रहरी अनुसन्धानलाई सहयोग गर्न।

*न्यायपालिकालाई*

→ जाहेरी दर्खास्त दर्ता गर्ने तथा त्यससम्बन्धी अनुसन्धान गर्ने आफ्ना जिम्मेवारीहरू प्रहरीले पालना गर्ने कुरा सुनिश्चित गर्न उपयुक्त भएअनुसार परमादेश जारी गरेरसमेत निगरानीको कामलाई जारी राख्न।

*राजनीतिक दलका नेतृत्वलाई*

→ प्रहरी, अभियोजक तथा न्यायपालिकाको कार्यसञ्चालनसम्बन्धी गतिविधिहरूमा अहस्तक्षेपको प्रतिबद्धता जनाउन र अनुचित रूपमा प्रभाव पार्न खोज्ने वा प्रहरीको अनुसन्धानलाई सहयोग नगर्ने सदस्यहरूलाई सार्वजनिक रूपमा भर्त्सना गर्न तथा त्यस्ता सदस्यहरूविरुद्ध उपयुक्त कारबाही गर्न।

*राजनीतिक मान्यता वा आफ्ना मागहरू पूरा गराउन खोज्ने सशस्त्र समूह तथा तिनका समर्थकहरूलाई*

→ कानुनी शासनको सम्मान गर्न, हिंसाको वकालत गर्न बन्द गर्न तथा लोकतान्त्रिक प्रक्रियामा शान्तिपूर्ण तरिकाले सामेल हुन प्रतिबद्धता जनाउने।

*अन्तर्राष्ट्रिय समुदायलाई*

→ राज्यपक्षद्वारा गरिएका गम्भीर अपराधहरूको अनुसन्धान र अभियोजन गर्ने एउटा स्वतन्त्र प्रहरी उजुरी आयोग र विशेष अनुसन्धानात्मक एकाइको स्थापनाका लागि कोष छुट्याउनेलगायत कानुनी शासनसँग सम्बन्धित नेपालका दीर्घकालीन संस्थाहरूलाई पर्याप्त तथा व्यापक समर्थन उपलब्ध गराउन प्रतिबद्धता व्यक्त गर्न;

→ गैरन्यायिक हत्यामा संलग्न भएको विश्वसनीय आरोप लागेका सुरक्षाफौजका कर्मचारीहरूलाई तालिम तथा संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना कार्यमा हुने सहभागिताबाट बाहिऱ्याउने कार्यलाई निरन्तरता दिन।

## परिशिष्ट क - घटना अध्ययन

यी घटनाहरूसम्बन्धी जानकारी सन् २०१० को जुन महिनामा अद्यावधिक गरिएको हो।

घटना अध्ययन १: ***जमुना सिंह***, बारा जिल्ला (२०६४ भदौ)

वि.सं २०६४ भदौ १२ गते बिहान करिब ३ बजे बारा जिल्लाको हर्दिया गाविस-२ स्थित चर्मोना गाउँमा छापा मार्ने क्रममा प्रहरीले कथित रूपमा गोली फर्काउँदा *जनतान्त्रिक तराई मुक्ति मोर्चा* (ज्वाला सिहं समूह)का भनिएका जिल्ला कमान्डर जमुना सिंह मारिए। प्रत्यक्षदर्शीका अनुसार त्यस्तो कुनै गोली हानाहान भएको थिएन। प्रत्यक्षदर्शीका बयानले पीडितलाई प्रहरी हिरासतमा लिइसकेपछि गोली हानिएको सङ्केत गर्दछ। त्यसअघि सिंहले नागरिक समाजका एक सदस्यलाई मद्दत माग्दै फोन गरेका थिए। घटनामा संलग्न नेपाल प्रहरीका अधिकृतहरूका बयान एकआपसमा निकै बाझिएका थिए।

हत्यासम्बन्धी आफ्नो अनुसन्धानका आधारमा उच्चायुक्तको कार्यालयले गम्भीर चिन्ता व्यक्त गर्नुका साथै यससम्बन्धी पूर्ण फौजदारी अनुसन्धान गर्नुपर्ने सिफारिस गर्दै सन् २००७ नोभेम्बरमा प्रहरी महानिरीक्षकलाई पत्र पठायो। उच्चायुक्तको कार्यालयले प्रहरी प्रधान कार्यालयबाट अनुसन्धान टोली पठाउन र त्यस टोलीमा न्यायिक तथा अभियोजन सेवाका सदस्यहरू राख्नसमेत सिफारिस गरेको थियो। जवाफमा नेपाल प्रहरीको हेटौंडा, मकवानपुरस्थित क्षेत्रीय कार्यालयको पाँच सदस्यीय टोलीले सो घटनासम्बन्धी अनुसन्धान गर्नेछ भनी नेपाल प्रहरीले जवाफ दियो। सो टोलीले कुनै गैरन्यायिक हत्या नभएको ठहर गर्‍यो। वास्तवमा, सो अनुसन्धान प्रहरीलाई उपलब्ध जानकारीमा मात्र आधारित भएको देखिन्छ। यस कार्यालयले आन्तरिक अनुसन्धान प्रतिवेदनको विवरण मागे पनि अहिलेसम्म प्रहरीले यो जानकारी उपलब्ध गराउन अस्वीकार गर्दै आएको छ।

प्रहरीले जमुना सिंह भिडन्तमा मारिएको भनी घटनासम्बन्धी रिपोर्ट दर्ता गरायो। प्रमाणले थप अनुसन्धानको आवश्यकता औंल्याए तापनि अभियोजकले प्रहरीको घटना विवरणमाथि प्रश्न उठाएनन्। परिणामस्वरूप, जिल्ला अदालतमा मुद्दा अघि बढेन।

जमुना सिंहको परिवारका एक सदस्यले जिल्ला प्रहरी कार्यालय बारामा हत्यासम्बन्धी जाहेरी दर्खास्त दर्ता गर्ने प्रयास पनि गरेका थिए तर प्रहरीले सो जाहेरी दर्ता गर्न अस्वीकार गर्‍यो। त्यसपछि उनले हेटौंडा, मकवानपुरस्थित पुनरावेदन अदालतमा रिट निवेदन दायर गरे। वि.सं २०६४ पुस ११ गते अदालतले जिल्ला तथा अञ्चल प्रहरी कार्यालयहरूलाई किन जाहेरी दर्खास्त दर्ता गरिएन भनी १५ दिनभित्र त्यसको कारण पेस गर्न आदेश दियो।

वि.सं २०६५ साउन २२ गते पुनरावेदन अदालत हेटौंडाले बारा जिल्ला प्रहरी कार्यालयलाई पीडितका परिवारद्वारा दायर गरिएको जाहेरी दर्खास्त स्वीकार गर्न तथा त्यस सम्बन्धमा पुन: अनुसन्धान सुरु गर्न निर्देशन दिंदै परमादेश जारी गर्‍यो। त्यसपछि नेपाल प्रहरीको कानुनी शाखाले बारा जिप्रकालाई पुनरावेदन अदालतको निर्णयलाई कार्यान्वयन गर्न सिफारिस गरेको बताइयो। यद्यपि २०६५ चैत २० गते बारा जिल्लाका प्रहरी उपरीक्षकले जिल्ला प्रहरीले पुनरावेदन अदालतको निर्णयविरुद्ध पुनरावेदन गरेको कुरा उच्चायुक्तको कार्यालयलाई जानकारी गराए। तर, सर्वोच्च अदालतका अनुसार यस्तो कुनै पनि पुनरावेदन दर्ता गरिएको छैन। सर्वोच्च अदालतले अन्तरिम आदेश जारी नगरेसम्म सो निर्णय बाध्यकारी हुने भए तापनि जिप्रकाले जाहेरी दर्खास्त दर्ता गर्न अस्वीकार गरेको छ।

आयोगका अनुसार, सो मुद्दासम्बन्धी अनुसन्धान भइरहेको छ।

घटना अध्ययन २: ***मनोज पटेल, भोम चौधरी, राजदेव पटेल,*** पर्सा जिल्ला (२०६४ माघ)

वि.सं २०६४ माघ १८ गते साँझमा नेपाल प्रहरीले पर्सा जिल्लाको वीरगन्जमा गरेको प्रहरी कारबाहीको क्रममा तीनजनाको हत्या गऱ्यो। मनोजप्रसाद कुर्मी पटेल, भोमबहादुर चौधरी तथा राजदेवप्रसाद कुर्मी पटेललाई अपहरण, बलात्कार तथा हत्याका घटनाहरूमा संलग्न भएको आपराधिक समूहका सदस्य भएको शङ्का गरिएको थियो।

यस प्रतिवेदनमा, प्रहरीले भारतीय अपराधीहरू तथा प्रहरीबीच भएको गोली हानाहानका क्रममा ती तीनजना मारिएको भनी दाबी गरेको छ। तर, उच्चायुक्तको कार्यालयद्वारा सङ्कलित बयानले पीडितहरूलाई प्रहरीले पर्सा जिल्लाको रामघवा गाविसबाट नियन्त्रणमा लिएको र पछि उनीहरूको हत्या गरेको भन्ने देखाउँछ। यसका अतिरिक्त, कथित रूपमा गोली हानाहान भएको भन्ने घटनाबारे प्रहरीले दिएका विवरणहरू प्रत्यक्षदर्शीहरूले दिएका भरपर्दो बयानसँग मेल खाँदैनन्। अझ शवपरीक्षण प्रतिवेदनको विश्लेषणको निष्कर्षका अनुसार, तीनैजनालाई मध्यम दूरी (१० मिटरभन्दा कम)बाट पछाडिबाट छाती भएर गोली हानिएको थियो र यसले पनि घटनाको आधिकारिक विवरणलाई खण्डन गर्दछ। तीव्र गोली हानाहान भएको भनिए तापनि, प्रहरी वा गाउँले कसैलाई पनि कुनै चोटपटक लागेको कुरा बताइएको छैन।

वि.सं २०६५ पुस ६ गते पुनरावेदन अदालत, हेटौंडाले जाहेरी दर्खास्त दर्ता गर्न आदेश नदिइन्जेलसम्म प्रहरीले पीडितहरूमध्ये एकजनाको आफन्तले पेस गरेको जाहेरी दर्खास्त दर्ता गर्न बारम्बार अस्वीकार गऱ्यो। पुनरावेदन अदालतले प्रहरीले गरेको पहिलेको अनुसन्धानलाई मान्यता दिएन र प्रहरीलाई सो घटनाबारे पुनः अनुसन्धान गर्नू भनी आदेश दियो। प्रहरीले अन्ततः जाहेरी दर्खास्त दर्ता गऱ्यो तर त्यसपछि पनि अनुसन्धानमा कुनै प्रगति भएको छैन।

गृहमन्त्रीको आदेशमा नारायणी अञ्चलका वरिष्ठ प्रहरी उपरीक्षकले सो घटनाका सम्बन्धमा अनुसन्धान गरे तर त्यसको निष्कर्ष भने सार्वजनिक गरेनन्। यस प्रतिवेदनको मस्यौदा तयार पार्दासम्म उच्चायुक्तको कार्यालयले यी हत्याका सम्बन्धमा कसैलाई पक्राउ गरिएको, अभियोग लगाइएको वा जवाफदेही बनाइएको कुराको कुनै सङ्केत पाएको थिएन। आयोगले आफ्नो छुट्टै अनुसन्धान गरेको छ। वि.सं २०६५ जेठ २८ गते आयोगले अनुसन्धान गर्ने तथा परिवारलाई क्षतिपूर्ति प्रदान गर्नेलगायतका सिफारिसहरू जारी गऱ्यो जुन सरकारद्वारा कहिल्यै पनि कार्यान्वयन गरिएन।

घटना अध्ययन ३: ***राजकुमार मण्डल, चन्देश्वर मण्डल,*** सप्तरी जिल्ला (२०६४ माघ)

*जनतान्त्रिक तराई मुक्ति मोर्चा* (ज्वाला सिंह समूह)का कार्यकर्ता भनिएका सप्तरी जिल्लाका स्थायी बासिन्दाहरू रन्जित भनिने राजकुमार मण्डल तथा चन्देश्वर मण्डललाई नेपाल प्रहरीको एक टोलीद्वारा २०६४ माघ २४ गते बेल्ही चपेना गाविस, वडा नं ९ मा हत्या गरियो। पछि सप्तरीस्थित जिल्ला प्रहरी कार्यालयका अधिकारीहरूले अज्ञात सशस्त्र समूहले आफूमाथि गोली प्रहार गरेपछि प्रहरीद्वारा प्रतिकारस्वरूप चलाइएको गोली लागेर तिनीहरू दुवैजनाको मृत्यु भएको भनी दाबी गरे। तर, स्थानीय प्रत्यक्षदर्शीहरूले त्यहाँ कुनै पनि भिडन्त वा गोली हानाहान नभएको बताए। त्यहाँ संलग्न प्रहरीमध्ये कसैलाई पनि चोटपटक लागेको भन्ने कुनै रिपोर्ट पाइएको छैन।

प्रत्यक्षदर्शीका अनुसार, दुवै पीडितलाई सादा पोसाक लगाएका सातआठजना प्रहरीको समूहले घटनास्थल नजिकै रहेको चियापसलबाट पक्राउ गरेको थियो। तिनीहरूलाई चियापसलदेखि ३०० मिटर पश्चिम रूखहरू झुप्प परेको ठाउँमा लगियो जहाँबाट तल भिरालो खेतमा पुगिन्छ। स्थानीय बासिन्दाहरूले त्यहाँबाट केही गोली चलेको आवाज सुने। तिनका शवलाई रात परेपछि जिल्ला प्रहरी कार्यालयमा लगिएको थियो। कतिपय प्रत्यक्षदर्शीहरूले यस घटनामा सशस्त्र प्रहरी बलका कर्मचारीलाई पनि मुछेका छन् तर यस दाबीलाई सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरी दुवैले अस्वीकार गरेका छन्।

आयोगले अनुसन्धान सुरु गरे तापनि प्रहरीबाट कुनै सहयोग भएन। त्यसपछि थप कारबाहीका लागि एउटा अनुसन्धान प्रतिवेदन आयोगको प्रधान कार्यालयमा पेस गरियो। यस मुद्दासम्बन्धी निर्णय लिइए पनि सार्वजनिक गरिएको छैन।

घटना अध्ययन ४: ***जितेन्द्र तिवारी,*** पर्सा जिल्ला (२०६५ जेठ)

*अखिल तराई मुक्ति मोर्चा* नामक सशस्त्र समूहका सदस्य भनिएका जितेन्द्र तिवारी नेपाल प्रहरीद्वारा २०६५ जेठ २३ गते पर्सा जिल्लाको वीरगन्जमा पक्राउ परेको एकदिनपछि बारा जिल्लाको पिपरपाते गाविसको गब्दीमा मारिएका थिए भनिएको छ।

अपराधीहरूको एउटा समूहद्वारा प्रहरी गस्तीमाथि आक्रमण गरिएपछि गोली हानाहान हुँदा पीडित व्यक्ति मारिएको प्रहरीले दाबी गऱ्यो। तर, प्रत्यक्षदर्शीहरूका बयानले पीडित व्यक्ति वीरगन्जमा आफू भाडामा बसेको कोठानजिकैको ठाउँबाट प्रहरीद्वारा पक्राउ गरिएको जनाउँछ। त्यसबाहेक, शवपरीक्षण प्रतिवेदनको विश्लेषणले पीडितको हात र गोलीगाँठामा डामहरू देखिनाले पीडितलाई मर्नुअघि बाँधिएको सङ्केत गर्दछ। त्यसका अतिरिक्त, प्रहरी प्रत्यक्षदर्शीहरूद्वारा दिइएको कथित गोली हानाहानको विवरण नागरिक तथा अन्य प्रहरी साक्षीहरूको बयानसँग मिल्दोजुल्दो छैन।

प्रहरी प्रतिशोधको डरले पीडितको परिवारले सन् २००९ जनवरीमा मात्र जाहेरी दर्खास्त दर्ता गर्न खोज्यो। तर, प्रस्तुत प्रतिवेदनको मस्यौदा गर्दासम्म प्रहरीले यस घटनामा जाहेरी दर्ता गर्न अस्वीकार गरेको थियो। परिवारबाट जाहेरी प्राप्त गरेको कुरालाई प्रहरी अस्वीकार गर्छ, यद्यपि त्यसका विपरीत प्रमाणहरू भेटिएका छन्। उनीहरूले यस घटनामा अनुसन्धान अगाडि बढाएका छैनन् र कसैलाई पनि पक्राउ गरिएको, अभियोग लगाइएको वा हत्याका लागि जवाफदेही बनाइएको छैन।

घटना अध्ययन ५: ***रामनारायण महतो,*** सिरहा जिल्ला (२०६६ साउन)

सिरहा जिल्लाको कसहा गाविसका बासिन्दा २९ वर्षीय मेनेजर महतो भनिने रामनारायण महतो मधेश राष्ट्र जनतान्त्रिक पार्टीको नामले चिनिने सशस्त्र समूहका नेता थिए भनिन्छ। उनी २०६६ साउन ३ गते हकपाडा गाविसमा भएको प्रहरी कारबाहीका क्रममा मारिएका थिए भनियो। महतोलाई भारतको बिहारको मधुबनी जिल्लास्थित जयनगरबाट साउन २ गते अपराह्न ४ बजे भारतीय प्रहरीद्वारा पक्राउ गरी पछि सिरहा जिल्लाको नेपाल प्रहरीलाई बुझाइएको उच्चायुक्तको कार्यालयले जानकारी पायो। उनलाई पछि मृत पाइयो।महतो प्रहरीद्वारा मारिएको हुन सक्ने चिन्ता स्रोतले व्यक्त गऱ्यो।

राष्ट्रिय मानवअधिकार आयोग र उच्चायुक्तको कार्यालयले सो घटनाबारे पूर्वाञ्चल क्षेत्रका प्रहरी उपरीक्षक र नायब प्रहरी महानिरीक्षकको ध्यानाकर्षण गराउँदा उनीहरूले भारतीय प्रहरीले पक्राउ गरी निजलाई नेपाल प्रहरीलाई बुझाएको आरोप अस्वीकार गरे। बरु उनीहरूले प्रहरीको गस्तीमाथि गोली प्रहार गरेपछि प्रहरीले प्रत्युत्तरमा गोली चलाउँदा महतो मारिएको जिकिर गरे। स्थानीय मानवअधिकार रक्षकहरूले प्रहरी र पीडितबीच भिडन्त भएको कुनै पनि सङ्केत आफ्नो छानबिनबाट नपाएको दाबी गरे।

राष्ट्रिय मानवअधिकार आयोगले गरेको एउटा अनुसन्धानले प्रहरीद्वारा गोली हानाहान भएको भनिएको स्थानमा त्यसको कुनै पनि प्रकारको प्रमाण नपाएको र प्रहरीले गाउँलेहरूलाई राम्रोसँग नबताई एउटा कागजको टुक्रामा हस्ताक्षर गर्न लगाएको कुरा बतायो। शवपरीक्षण प्रतिवेदनको विश्लेषणले गोलीको चोटबाट मृत्यु भएको कुरा पुष्टि गऱ्यो। आजसम्म कुनै पनि औपचारिक प्रहरी अनुसन्धान गरिएको वा जाहेरी दर्खास्त दर्ता गरिएको छैन। सो घटनाको छानबिन गर्न गृह मन्त्रालयअन्तर्गत एउटा तीन सदस्यीय छानबिन समिति पनि गठन गरियो र त्यसले आफ्नो प्रतिवेदन पेस गऱ्यो। सो प्रतिवेदन सार्वजनिक गरिएको छैन। जिल्लाका सम्बन्धित अधिकारीहरूलाई समेत यसबारे थाहा छैन।

घटना अध्ययन ६ः ***पर्शुराम यादव,*** सिरहा जिल्ला (सन् २००९ जुलाई)

पर्शुराम यादव सिरहा जिल्लाका ३२ वर्षीय बासिन्दा थिए र उनी *मधेशी मुक्ति टाइगर्स* नामले चिनिने सशस्त्र समूहका सदस्य थिए भनिन्छ। प्रहरीले काठमाडौंबाट सिरहा जिल्लामा सार्दा साउन ४ गते नेपाल प्रहरीद्वारा प्रहार गरिएको गोली लागी उनको मृत्यु भयो।

प्रहरीका अनुसार चारजना प्रहरी भएको प्रहरीको एउटा गाडी यादवलाई शौचालय जान भनेर रोकेपछि सिरहा जिल्लास्थित कमला नदीनजिक उनी मारिएका थिए। यादवले एकजना प्रहरीको पिस्तोल खोस्न खोज्दा अचानक पड्की उनको खुट्टामा लागेको भनियो। भाग्न खोज्दा यादवलाई ढाडमा गोली हानियो। उनलाई लहान अस्पतालमा लगियो र त्यहीँ उनको मृत्यु भयो। शवपरीक्षण प्रतिवेदनले गोलीको चोटबाट भएको रक्तश्रावका कारण यादवको मृत्यु भएको पुष्टि गर्‍यो।

स्थानीय मानवअधिकार रक्षकहरूको एउटा समूहले सो घटनाको अनुसन्धान गर्‍यो र शवको निरीक्षण गर्‍यो। औपचारिक अनुसन्धान गर्नुपर्ने गरी गैरन्यायिक हत्या भएको प्रशस्त प्रमाण रहेको उनीहरूको निष्कर्ष थियो। त्यसपछि राष्ट्रिय मानवअधिकार आयोगले आफूले सो मृत्युबारे अनुसन्धान सुरु गरिसकेको जानकारी उच्चायुक्तको कार्यालयलाई दियो तर आजसम्म कुनै प्रतिवेदन जारी गरेको वा सिफारिस गरेको छैन। नेपाल प्रहरीले सो घटना प्रहरी कारबाहीका क्रममा भएको हुनाले प्रहरीले गरेको —स्थलगत अनुसन्धान' पर्याप्त रहेको दाबी गर्दै सो घटनाका सम्बन्धमा जाहेरी दर्खास्त दर्ता गरेको छैन। जाहेरी दर्खास्त अस्वीकार गरेकोमा पीडितको परिवारका सदस्यहरूले जाहेरी दर्खास्त दर्ताका लागि परमादेश जारी गर्न माग गर्दै राजविराजस्थित पुनरावेदन अदालतमा एउटा निवेदन हाले। सो पुनरावेदन अदालतले लिखित प्रत्युत्तर दिन सरकारका नाममा कारण देखाऊ आदेश जारी गर्‍यो। त्यसयता जिल्ला प्रहरी कार्यालयका अधिकारीहरूले आफूहरूले जाहेरी दर्खास्त दर्ता गर्न चाहेको कुरा उच्चायुक्तको कार्यालयलाई बताउँदै आएका छन्।

घटना अध्ययन ७ः ***देवी सरा विक, अमृता विक तथा चन्द्रकला विक*** (२०६६ फागुन)

वि.सं. २०६६ फागुन २६ गते साँझ श्री ज्वाला दल गणबाट आएका नेपाली सेनाका कर्मचारीहरूले दुई दलित महिला (देवीसरा विक र अमृता विक) र एक १२ वर्षीया दलित बालिका (चन्द्रकला विक)लाई गोली हानी मारे। बर्दिया राष्ट्रिय निकुञ्जभित्र बाँसपानीमा रूखका बोक्रा बटुल्दा उनीहरू मारिएका थिए। सेना र राष्ट्रिय निकुञ्जका अधिकारीहरूले उनीहरू चोर-शिकारी रहेका र सेनाको गस्तीले आत्मरक्षाका लागि उनीहरूमाथि गोली चलाएको दाबी गरे। प्राप्त प्रमाणहरूले सेना र निकुञ्जका अधिकारीहरूको दाबीलाई खण्डन गर्दछन् र ती तीनजना चोर-शिकारी नभएको र तिनको हत्या घातक बलको गैरकानुनी प्रयोग र सम्भवतः हिरासतमा गैरन्यायिक हत्या भएको कुरा सङ्केत गर्दछ। सेना र निकुञ्जका अधिकारीहरूले सो हत्याबारेको अनुसन्धानमा सहयोग गर्न अस्वीकार गर्नुका साथै पीडितका परिवारहरूलाई फौजदारी उजुरी फिर्ता लिन चर्को दबाब दिएका छन्। सन् २०१० मईसम्म पीडकहरूविरुद्ध कुनै कारबाही गरिएको थिएन।

हत्या दुर्घटना थियो भन्दै चैत ३ गते (यो डरत्रास देखाएर दर्ता गरिएको प्रमाण छ) एउटा र पक्राउपछि बलात्कार र गैरन्यायिक हत्याको आरोप लगाउँदै चैत १५ गते अर्को गरी दुईवटा जाहेरी दर्खास्त दर्ता गरिएका थिए। प्रहरीले सो घटनाबारे अनुसन्धान सुरु गर्‍यो र घटनास्थलबाट बरामद तीनवटा पिस्तोल ब्यालिस्टिक परीक्षणका लागि पठाइयो। तर, नेपाली सेनाले गस्तीद्वारा प्रयोग गरिएको हतियार परीक्षणका लागि प्रहरीलाई उपलब्ध गराएको छैन। यसले गस्तीका सदस्यहरूलाई सोधपुछका लागि उपलब्ध गराउन पनि अस्वीकार गरेको छ। नेपाल प्रहरीको एउटा पत्रको जवाफमा निकुञ्जका कर्मचारीहरूले ती महिलाहरूको मृत्यु गोली हानाहानका क्रममा भएको र एउटा कुकुरसमेत मारिएको दाबी गरे।

देवीसरा विकका श्रीमान् पनि घटनास्थलबाट पक्राउ परी राष्ट्रिय निकुञ्जका अधिकारीहरूद्वारा छ दिनसम्म थुनामा परेका थिए। सो घटनामा फौजदारी अनुसन्धान नगर्ने सहमतिमा हस्ताक्षर गरेपछिमात्र उनलाई सातौं दिनमा रिहा गरिएको थियो। फागुन २४ गते राष्ट्रिय निकुञ्जका अधिकारीहरू पीडितमध्ये एकजनाको परिवारसँग फौजदारी अभियोजन अगाडि

नबढाउने सहमतिमा पुगे। निकुञ्जका अधिकारीहरू र नेपाली सेनाको अनुचित दबाबको फलस्वरूप सो सहमति भएको स्पष्ट देखिन्छ। मानवअधिकार सङ्गठनहरू र पीडितका परिवारहरूबाट दबाब आएपछि, सहमतिका बाबजुद पनि सो घटनाबारे पूर्णरूपमा अनुसन्धान गर्ने दायित्व आफूमा रहेको कुरालाई प्रहरीले स्वीकार गरेको छ। तर, त्यसयता नगन्य प्रगति भएको छ र नेपाली सेनाको सहयोग सुनिश्चित गर्ने प्रयासहरूमा कुनै परिणाम निस्केको छैन।

चोर-शिकारीहरूविरुद्ध कारबाहीको प्रयास गर्दा सेनाका कर्मचारीहरूले कानुनसम्मत ढङ्गले कार्य गरेको निष्कर्ष निकालिएको आफ्नो जाँचबुझका निष्कर्षहरू प्रस्तुत गर्दैं सेनाले चैत ९ गते एउटा प्रेस वक्तव्य जारी गऱ्यो। राष्ट्रिय मानवअधिकार आयोगले पनि ती तीनजना गैरकानुनी घातक बलको प्रयोगको फलस्वरूप मारिएका निष्कर्ष निकाल्दै आफ्नो अनुसन्धान पूरा गऱ्यो। उसको प्रतिवेदनअनुसार गैरकानुनी गतिविधिमा संलग्न नरहेका ती महिलाहरूमाथि गोली चलाउनमा सेना जिम्मेवार रहेको र सेनाले शवहरूलाई फेरि कुनै किसिमले व्यवस्था गरेर सो घटनालाई ढाकछोप गर्ने प्रयत्न गरेको थियो। आयोगले फौजदारी अनुसन्धान र अभियोजन गर्न सिफारिस गऱ्यो। सो घटनामाथि अध्ययन गर्न एउटा संसदीय आयोग पनि गठन गरियो जसले सेनाले प्रहरी अनुसन्धानमा हस्तक्षेप गरेको निष्कर्ष निकाल्यो।

## परिशिष्ट ख – चार्ट तथा ग्राफ

गैरकानुनी हत्याका आरोपहरू, जनवरी २००८ देखि जुन २०१० (जिल्लाका आधारमा घटनाको सङ्ख्या)






| | | | | | |
|---|---|---|---|---|---|
| बर्दिया | १ | बारा | 3 | सप्तरी | ६ |
| चितवन | १ | रौतहट | 3 | धनुषा | ९ |
| दाङ | १ | सिरहा | 5 | पर्सा | ९ |
| | | महोत्तरी | १ | | |

गैरकानुनी हत्याका आरोपहरू, जनवरी २००८ देखि जुन २०१० (घटनाको सङ्ख्या/प्रतिमहिना)



**परिशिष्ट ग - आरोपहरूको सारसङ्क्षेप (सन् २००८ जनवरी - २०१० जुन)**

१, २ र ३. ***मनोज पटेल, बोम चौधरी र राजदेव पटेल,* पर्सा जिल्ला** (२०६४ माघ) **-** वि.सं. २०६४ माघ १८ गते नेपाल प्रहरीका कर्मचारीले अपहरण, बलात्कार र हत्याका मुद्दाहरूमा संलग्न भएको आरोप लागेको शङ्कास्पद आपराधिक गिरोहविरुद्ध पर्सा जिल्लाको वीरगन्जमा गरिएको प्रहरी कारबाहीका क्रममा मनोज पटेल, बोम चौधरी र राजदेव पटेलको हत्या गरे। साक्षीहरूको बयानले पीडितहरूलाई मृत्यु हुनुअघि रामघवा गाविसबाट प्रहरीद्वारा नियन्त्रणमा लिइएको सङ्केत गर्छ। पुनरावेदन अदालत हेटौँडाबाट जाहेरी दर्खास्त दर्ता गरी सो मुद्दाको पुनः अनुसन्धान गर्न आदेश जारी गरिएको भएपनि अनुसन्धान अगाडि बढेको छैन। राष्ट्रिय मानवअधिकार आयोगले पनि २०६५ जेठ २८ गते अनुसन्धान गर्न, पीडकविरुद्ध कारबाही गर्न तथा परिवारलाई क्षतिपूर्तिबापत नेरु २,५०,००० तिर्न लगायतका सिफारिसहरू गऱ्यो। आयोगका अनुसार उनीहरूको सिफारिस कार्यान्वयन गरिएको छैन।

४ र ५. ***राजकुमार मण्डल, चण्देश्वर मण्डल,*** सप्तरी जिल्ला (२०६४ माघ) - वि.सं. २०६४ माघ २६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह समूह) का कार्यकर्ता भनिएका रञ्जित भनिने राजकुमार मण्डल र चण्देश्वर मण्डल बेल्ही चपेना गाविस वडा नं. ९ मा नेपाल प्रहरीको एउटा टोलीद्वारा मारिए। पछि जिल्ला प्रहरी सप्तरीले प्रहरीले आत्मरक्षाका लागि गोली चलाउँदा मृत्यु भएको दाबी गऱ्यो। स्थानीय प्रत्यक्षदर्शीहरूले त्यहाँ कुनै भिडन्त नभएको र गोली हानाहान नभएको बताए। राष्ट्रिय मानवअधिकार आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले अनुसन्धान प्रारम्भ गऱ्यो र थप कारबाहीका लागि आयोगको मुख्यालयमा आफ्नो प्रतिवेदन पेस गऱ्यो। आयोगका अनुसार सो घटनामा क्षतिपूर्तिबापत रु ३,००,००० तिर्न सिफारिस गर्ने निर्णय भइसकेको छ तर सो सिफारिस कार्यान्वयन भएको छैन। कुनै पनि जाहेरी दर्खास्त दर्ता गरिएको छैन। प्रहरी प्रतिवेदनमा दोस्रो पीडितलाई चण्देश्वर सदा भनिएको छ।

६ देखि १२. ***नेकपा (माओवादी)का कार्यकर्ताहरू,*** दाङ जिल्ला (२०६४ चैत)- वि.सं. २०६४ चैत २६ गते, नेपाली काङ्ग्रेसका उम्मेदवार खुमबहादुर खड्काको सुरक्षार्थ हिँडेका सप्रब र नेप्रका कर्मचारीहरूले लमहीनजिक नेकपा (माओवादी)का गाडीहरूमाथि गोली चलाउँदा नेकपा (माओवादी)का सात कार्यकर्ताको मृत्यु हुनुका साथै कम्तीमा १३ जना घाइते भए। सो घटनाको परिस्थितिले ती मृत्युहरू गैरन्यायिक मृत्यु भएको हुन सक्ने सङ्केत गर्दछन्। सशस्त्र माओवादीले चलाएको गोलीको जवाफी कारबाहीमा प्रहरीले गोली चलाएको भन्ने दाबीलाई पुष्टि गर्ने तथा घातक बलको प्रयोगको औचित्य साबित गर्नलाई तत्काल ज्यानको खतरा रहेको कुनै पनि प्रमाण उच्चायुक्तको कार्यालयले पाएन। त्यहाँ गोली हानाहान नभएको प्रत्यक्षदर्शीहरूले बताए। सशस्त्र प्रहरी बलका अनुसार, घटनास्थलबाट एउटा पिस्तोल र तीनवटा गोली बरामद गरिएको थियो। इलाका प्रहरी कार्यालय लमहीमा एउटा जाहेरी दर्खास्त दर्ता गरिएको थियो। केन्द्रीय स्तरमा एउटा अनुसन्धान आयोग स्थापना गरियो। यसको प्रतिवेदन तयार भएको छ तर सार्वजनिक गरिएको छैन। आयोगले पीडकहरूविरुद्ध कारबाही र क्षतिपूर्तिको माग गर्दै निर्णय जारी गऱ्यो तर यसका सिफारिसहरू कार्यान्वयन गरिएका छैनन्।

१३ ***जितेन्द्र तिवारी,*** पर्सा जिल्ला (२०६५ जेठ)- अखिल तराई मुक्ति मोर्चा नामक सशस्त्र समूहका सदस्य भनिएका जितेन्द्र तिवारीलाई नेपाल प्रहरीद्वारा पर्सा जिल्लाको वीरगन्जमा २०६५ जेठ २३ गते पक्राउ गरी त्यसको एक दिनपछि बारा जिल्लाको पिपरपाते गाविसको गब्दीमा हत्या गरियो भनियो। प्रहरीको गस्तीमाथि अपराधीहरूको एउटा समूहद्वारा आक्रमण गरिएपछि भएको गोली हानाहानका क्रममा पीडित मारिएको प्रहरीले दाबी गऱ्यो। प्रत्यक्षदर्शीहरूको बयान र शवपरीक्षण विश्लेषणले घटनासम्बन्धी प्रहरीको व्याख्यालाई पूर्ण रूपमा समर्थन गर्दैन। प्रहरीले जाहेरी दर्खास्त पाएको कुरालाई अस्वीकार गरेको छ। राष्ट्रिय मानवअधिकार आयोगले सो घटनालाई दर्ता गरेको वा अनुसन्धान सुरु गरेको छैन।

१४ र १५. ***"मिस्टर जोन" भनिने कौशलकुमार सहनी, महन्थ सहनी,*** रौतहट जिल्ला (२०६५ भदौ)- वि.सं. २०६५ भदौ १४ गते, प्रहरी कारबाहीका क्रममा नेपाल प्रहरीले साढे ३ बजेतिर जानकी मन्दिरमा दुईजनालाई गोली हान्यो। उनीहरूलाई पक्राउ गरेपछि प्रहरीले गोली हानेको र तिनको हात पछाडि बाँधिएको अवस्थामा रहेको प्रत्यक्षदर्शीहरू दाबी गर्छन्। "मिस्टर जोन" तराई आर्मीका स्थानीय नेताका रूपमा चिनिन्थे भनिन्थ्यो। प्रहरीले सो घटनालाई "आकस्मिक मृत्यु"का रूपमा दर्ता गऱ्यो। राष्ट्रिय मानवअधिकार आयोगले सो घटना दर्ता गरेको वा अनुसन्धान सुरु गरेको छैन।

१६. ***नागेन्द्र यादव,*** बारा जिल्ला (२०६५ भदौ)- अखिल तराई मुक्ति मोर्चाको सैन्य कमान्डर भनिएको पीडित व्यक्तिलाई २०६५ भदौ ४ गते अपराह्न १ बजे मुखुन्डो लगाएको एक व्यक्ति घरभित्र पसी तीनपटक गोली हानी हत्या गर्दा उनी अन्य तीनजनासँग घरभित्रै रहेको बताइयो। बारा जिल्ला प्रहरी कार्यालयबाट नेपाल प्रहरी घटनास्थलमा दुईवटा गाडीमा आएको बताइयो। मुखुन्डो लगाएका ती व्यक्तिहरू प्रहरीको गाडी चढी घटनास्थलबाट गएको प्रत्यक्षदर्शीहरू दाबी गर्छन्। पीडितको परिवारका सदस्यहरूले दुईपटक जाहेरी दर्खास्त दर्ता गर्ने प्रयास गरे पनि प्रहरीले त्यसलाई अस्वीकार गरेको उनीहरूको दाबी छ। राष्ट्रिय मानवअधिकार आयोगले घटना दर्ता वा अनुसन्धान प्रारम्भ गरेको छैन।

१७. ***सोनेलाल यादव,*** सिरहा जिल्ला (२०६५ साउन)- वि.सं. २०६५ साउन ३० गते सिरहा जिल्ला कारागारमा जेल तोडेर भाग्न खोज्दा एकजना कैदी गोली हानी मारिए। मृतक कैदीलाई कारागारको हाताभित्र ल्याइनुअघि गोली हानिएको तथा टाउकामा प्रहरीको राइफलका कुन्दाद्वारा कुटिएको अवस्थामा जेल सुरक्षागार्डद्वारा कारागारको ढोकाबाहिर थुनिएको स्थानीय मानवअधिकार रक्षक र कैदीहरूले दाबी गरे। भदौ २ गते मृतकका परिवारका सदस्यद्वारा जाहेरी दर्खास्त दर्ता गरियो। एक तीन सदस्यीय प्रहरी अनुसन्धान समिति गठन गरिएको छ र अनुसन्धान जारी रहेको बताइएको छ। राष्ट्रिय मानवअधिकार आयोगले सो घटना दर्ता वा त्यसबारे अनुसन्धान प्रारम्भ गरेको छैन।

१८. ***महेन्द्र मसराङ्गी मगर,*** पर्सा जिल्ला (२०६५ भदौ)- वि.सं. २०६५ भदौ १ (नेपाली सेनाका अनुसार भदौ ६) गते पर्सा वन्यजन्तु आरक्षका अधिकारीहरूसँगै आएका नेपाली सेनाका पाँचजना कर्मचारीको गस्ती टोलीद्वारा आरक्षको सिमानाभन्दा १०० मिटरबाहिर पीडित मारिए। सेनाका अनुसार, बिहान ५.३० बजे सेनाको गस्ती टोलीको वनमा दुईजना चोरशिकारीसँग जम्काभेट भयो। उनीहरूलाई रोकिन चेतावनी दिंदा दिंदै उनीहरू गोली चलाएर भागे। गस्तीले तिनलाई खेदाउँदै गयो। गाउँबाट करिब ३०० मिटर टाढा जङ्गलमा फेरि अर्को मान्छेसँग जम्काभेट भयो, जसले सो टोलीमाथि बन्दुक तेर्स्याएपछि आत्मरक्षामा गोली चलाउँदा निजलाई गोली लाग्यो। प्रत्यक्षदर्शीका बयानहरूले उक्त मानिसले कुनै खतरा उत्पन्न नगरेको बेला ऊमाथि गोली हानिएको हुनसक्ने सङ्केत गर्दछ। पर्साको प्रहरीले पूर्ण अनुसन्धान गरेको देखिन्छ तर धेरैपटकको अनुरोधका बाबजुद सेनाले आफ्ना कर्मचारीहरूलाई सोधपुछका लागि उपलब्ध नगराएकाले त्यो पूरा हुन सकेको छैन। सेनाले आफ्नो अनुसन्धानका निष्कर्षहरूबारे उच्चायुक्तको कार्यालयलाई जानकारी दिन अस्वीकार गरेको छ। राष्ट्रिय मानवअधिकार आयोगले सो घटना दर्ता वा त्यसबारे अनुसन्धान प्रारम्भ गरेको छैन।

१९. ***खेहरु देवान,*** रौतहट जिल्ला (२०६५ असोज)- वि.सं. २०६५ असोज ९ गते साँझ, एउटा सुराकको आधारमा नेपाल प्रहरीले पीडितको घरको खानतलासी गर्‍यो तर उनलाई पाउन सकेन। पछि पीडितको घरनजिकैको जङ्गलबाट गोली चलेको सुनेपछि प्रहरीको गस्तीले मध्यराततिर जङ्गल सर्च गर्‍यो। प्रहरीका अनुसार, जवाफमा गस्तीले १०-१२ राउन्ड गोली चलायो। भोलिपल्ट टाउकामा एउटा गोली लागेको खेहरु देवानको शव वनमा पाइएको बताइयो र शवपरीक्षणका अनुसार सो गोली ५ देखि १० फिट टाढाबाट हानिएको थियो। कुनै पनि जाहेरी दर्खास्त दर्ता गरिएन न त अनुसन्धान नै गरियो। मृतक जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)को मुस्लिम मुक्ति मोर्चाको पर्सा, बारा र रौतहट जिल्लाका नेता भएको बताइएको छ। राष्ट्रिय मानवअधिकार आयोगले सो घटना दर्ता गरेको वा त्यसबारे अनुसन्धान सुरु गरेको छैन।

२०. ***ध्रुवनारायण सर्दार,*** सप्तरी जिल्ला (२०६५ कात्तिक)- संयुक्त जनतान्त्रिक पार्टीका सदस्य भनिएका ध्रुवनारायण सर्दार २०६५ कात्तिक २२ गते सप्तरी जिल्लाको गमरिया परवाह गाविस-९ मा नेपाल प्रहरीसँगको झडपमा मारिए। उक्त व्यक्तिले प्रहरीमाथि गोली चलाएपछि आफ्ना कर्मचारीले प्रतिकारमा गोली चलाएको प्रहरीको दाबी छ। कसैलाई पनि पक्राउ गरिएको छैन र कुनै पनि प्रहरी कर्मचारीलाई चोट लागेको छैन। स्थानीय प्रत्यक्षदर्शीहरूले त्यहाँ गोली हानाहान नभएको दाबी गरे। कुनै पनि जाहेरी दर्खास्त दर्ता गरिएको छैन। राष्ट्रिय मानवअधिकार आयोगले सो घटना दर्ता वा त्यसबारे अनुसन्धान प्रारम्भ गरेको छैन।

२१. ***रामनारायण यादव,*** सिरहा जिल्ला (२०६५ मङ्सिर)- वि.सं. २०६५ मङ्सिर ७ गते, मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का सदस्य भनिएका रामनारायण यादव विष्णुपुरकट्टी-७ मा मारिए। प्रहरीका अनुसार, यादवलाई विष्णुपुरकट्टी-७ स्थित आफ्नै घरबाट पक्राउ परेपछि भाग्ने प्रयास गर्दा गोली हानियो। प्रत्यक्षदर्शीका अनुसार, गोली

उनको पेटबाट छिरेको थियो। राष्ट्रिय मानवअधिकार आयोगले आफूले अनुसन्धान सुरु गरेको छ तर पूरा नभएको बताएको छ।

२२ र २३. ***मनोजकुमार यादव, सुरेश यादव,*** धनुषा जिल्ला (२०६५ पुस)- वि.सं. २०६५ पुस ५ गते बिहान १० देखि १२ बजेको बीचमा प्रहरी अधिकारीहरूले दुईजनालाई गोली हानी मारे भनियो। सम्भवतः उनीहरू अन्य दुईजनासँग थिए र मोटरसाइकलमा चढेको हुनसक्छ। प्रहरी अनुसन्धानका अनुसार, सो घटनालाई आकस्मिक मृत्यु भनी दर्ता गरिएकाले पूर्ण अनुसन्धानको विषय भएन। कुन परिस्थितिमा मृत्यु भयो भन्ने कुरा अझै अस्पष्ट नै छ।

२४. ***"डीएसपी" भनिने बेचन यादव,*** सप्तरी जिल्ला (२०६५ मङ्सिर)- वि.सं. २०६५ मङ्सिर २० गते, मधेशी लिबरेसन टाइगर्सका सदस्य भनिएका बेचन यादव नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोलीद्वारा मारिए भनियो। प्रहरीले आत्मरक्षामा गोली चलाउँदा निज मारिएको दाबी गऱ्यो। सोही घटनामा अरू चारजनालाई पनि पक्राउ गरी हातहतियार तथा खरखजाना ऐनअनुसार थुनामा राखियो। प्रहरीले नियन्त्रणमा लिइसकेपछि उनी मारिएको स्थानीय स्रोतहरूले दाबी गरेका छन्। कुनै पनि जाहेरी दर्खास्त दर्ता गरिएको छैन। राष्ट्रिय मानवअधिकार आयोगले सो घटना दर्ता वा त्यसबारे अनुसन्धान प्रारम्भ गरेको छैन।

२५ र २६. ***कामेश्वर मुखिया र —मलही,*** सप्तरी जिल्ला (२०६५ पुस) - वि.सं. २०६५ पुस १३ गते, मधेश राष्ट्रिय जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का भनिएका दुई कार्यकर्ता कोचबाखरी गाविसमा प्रहरीले प्रतिकारमा चलाएको गोली लागी मारिए भनियो। प्रहरीका अनुसार, एउटा समूहले आक्रमण गरेपछि प्रहरी कर्मचारीहरूले गोली चलाएका थिए। स्थानीय स्रोतहरूले सो घटनासम्बन्धी प्रहरीको भनाइमाथि प्रश्न उठाएका छन् तर कुनै पनि प्रत्यक्षदर्शी अगाडि आएर त्यसो भन्न सकेका छैनन्। सप्तरीस्थित प्रहरीका अनुसार, सादा पोसाक लगाएका एक प्रहरी भएको ठाउँमा सशस्त्र समूहका तीनजना सदस्यहरू आउँदा उनीहरूले आफूलाई आक्रमण गर्न लागेका छन् भन्ने निजलाई लाग्यो। निजले सशस्त्र समूहका सदस्य भनिएकाहरूमाथि गोली चलाए र मुखियालाई थुने। बाँकी दुईजना भागे। मुखियालाई उपचारका लागि बी.पी. कोइराला स्वास्थ्यविज्ञान प्रतिष्ठान धरान लगियो, जहाँ उनको मृत्यु भयो। कुनै जाहेरी दर्खास्त दर्ता गरिएको छैन। राष्ट्रिय मानवअधिकार आयोगले सो घटना दर्ता गरेको वा त्यसबारे अनुसन्धान प्रारम्भ गरेको छैन।

२७. ***इन्दलकुमार महतो,*** सिरहा जिल्ला (२०६५ पुस ४)- वि.सं. २०६५ पुस ४ गते, मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का सदस्य भनिएका व्यक्ति प्रहरी कारबाहीमा मारिए। अरू दुईजना पिस्तोल र गोलीगट्ठासहित पक्राउ गरिए। प्रहरीका अनुसार, एउटा समूहले गस्ती टोलीमाथि गोली चलाएपछि प्रहरीले पनि जवाफी कारबाहीमा गोली चलायो। कुनै पनि जाहेरी दर्खास्त दर्ता गरिएको छैन। राष्ट्रिय मानवअधिकार आयोगले अनुसन्धान प्रारम्भ गरेको छ तर अझै पूरा भएको छैन।

२८. ***"विक्रान्त" भनिने ललनकुमार यादव,*** सप्तरी जिल्ला (२०६५ माघ )- वि.सं. २०६५ माघ २६ गते, राति ९ बजेतिर, ललनकुमार यादव र अन्य दुईजना कुनै तेस्रो व्यक्तिको घरमा रात्रिभोज गरिरहेको बेला नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको टोली आई विक्रान्तसँग उनको परिचय मागे। स्थानीय स्रोतहरूका अनुसार, प्रहरीले कुनै चेतावनी नदिई गोली चलायो। सशस्त्र प्रहरी बलले आफ्ना कर्मचारीहरूले आत्मरक्षाका लागि गोली चलाएको र घटनास्थलबाट आफूहरूले हतियारहरू बरामद गरेको दाबी गरेको छ। विक्रान्तको ढाडमा दुईवटा गोली लाग्यो र गोली लागेर मृत्यु हुनुअघि प्रहरीले निजलाई कुटेको थियो भनियो। सप्तरीका प्रहरी उपरीक्षकले निकट भविष्यमा अनुसन्धान पूरा नहुने कुरा उच्चायुक्तको कार्यालयलाई बताउँदै प्रहरीको फाइल दिएनन्। कुनै पनि जाहेरी दर्खास्त दर्ता गरिएको छैन।

२९ र ३०. ***उद्गार मण्डल र सन्तोष साह भनिने घुरन साह,*** धनुषा जिल्ला (२०६६ जेठ)- प्रत्यक्षदर्शीहरूका अनुसार, सादा पोसाक लगाएका पाँचदेखि तेह जना पुरुषहरूको एउटा समूहले महोत्तरी जिल्लाको महादया गाविस-७ मा दुईजना पुरुषलाई समात्यो र कुर्था गाविसमा पैदल हिंडाएर लैजानुअघि तौलियाले उनीहरूको हात ढाडमा लगेर बाँध्यो र टाउको छोपिदियो। सो समूह कुर्था-२ को पूर्वी छेउमा आँपको बगैंचा र सडकको दुवैपट्टि खेत भएको ठाउँमा सडकमा रोकियो। ती दुईजनालाई कुटपिट गरी गोली हानियो भनियो। वि.सं. २०६६ जेठ ११ गते उद्गर मण्डलका परिवारका सदस्यद्वारा दोहोरो गोली हानाहानमा आकस्मिक मृत्यु भएको भनी जाहेरी दर्खास्त दर्ता गरियो। यद्यपि उनले दबाबमा सो जाहेरी दर्खास्तमा हस्ताक्षर गरेको हुनसक्ने सङ्केतहरू पाइन्छ।

३१. ***अजय मण्डल***, धनुषा जिल्ला (२०६६ असार)- अजय मण्डल २०६६ असार १४ गते भुताही पर्तेवा गाविस-९ मा प्रहरी गस्तीसँगको भिडन्तमा मारिएको बताइएको छ। प्रहरीका अनुसार, ४ देखि ६ जना मानिसले बन्दुकले गस्तीमाथि आक्रमण गरे र घरेलु विस्फोटक सामग्री प्रहार गरे। प्रहरीले जवाफी कारबाही गर्दा अजय मण्डललाई चारपटक गोली लाग्यो। अस्पताल लैजाने क्रममा उनको मृत्यु भयो भनियो तर स्थानीय स्रोतहरूले यसमाथि प्रश्न उठाएका छन्। सो घटनालाई आकस्मिक मृत्यु भनी दर्ता गरिएको छ र पूर्ण फौजदारी अनुसन्धान गरिएको छैन।

३२ ***सुरेन्द्र महतो***, धनुषा जिल्ला (२०६६ जेठ)- वि.सं. २०६६ जेठ २४ गते भएको एउटा वादविवादका क्रममा सुरेन्द्र महतोमाथि एक प्रहरी हवल्दारले गोली प्रहार गरे भनियो। मृत्यु ठ्याक्कै कुन परिस्थितिमा भयो भन्ने कुरा अझै अस्पष्ट नै छ। प्रहरीले पीडित परिवारको जाहेरी दर्खास्त दर्ता नगरे पनि एउटा विशेष प्रहरी अदालत गठन गऱ्यो जसले बन्दुक अचानक पड्किन गई मृत्यु भएको निष्कर्ष निकाल्नुका साथै सर्वसाधारणलाई आफ्नो हतियार चलाउन अनुमति दिएबापत उक्त हवल्दारलाई रु ८२,०००/- जरिवाना गऱ्यो र निजलाई काममा फर्कने अनुमति दियो। वि.सं. २०६६ कात्तिक १७ गते राष्ट्रिय मानवअधिकार आयोगले क्षतिपूर्तिबापत रु ३,००,००० दिन र पीडकविरुद्ध कारबाही चलाउन सिफारिस गर्दै निर्णय गऱ्यो। अहिलेसम्म परिवारले कुनै पनि क्षतिपूर्ति पाएको छैन।

३३. ***इन्दिराजित राय भार***, पर्सा जिल्ला (२०६६ असार)- असार २५ गते, पर्सा वन्यजन्तु आरक्षभित्र गस्ती गरिरहेको नेपाली सेनाको एउटा टोलीद्वारा इन्दिराजित राय भार मारिए। सो टोलीको ५ देखि ७ जना शङ्कास्पद तस्करहरूसँग जम्काभेट भयो र भाग्न खोज्दा टोलीले पीडितको ढाडमा गोली हान्यो। सेना र निकुञ्ज अधिकारीहरूका अनुसार गस्ती टोलीले निजलाई पक्रन खोज्दा उसले टोलीमाथि बन्चरोले आक्रमण गर्न खोज्यो। दोस्रो पटक गोली हान्दा उनको मृत्यु भयो। प्रारम्भिक अनुसन्धानको क्रममा नेपाली सेनाका अधिकारीहरूसँग आफूलाई भेट गर्न दिन नेपाल प्रहरीले अनुरोध गऱ्यो तर त्यस्तो पहुँच दिइएको छैन। राष्ट्रिय मानवअधिकार आयोगले पनि यससम्बन्धी अनुसन्धान सुरु गरेको छ।

३४. ***रामनारायण महतो***, सिरहा जिल्ला (२०६६ साउन)- मधेश राष्ट्र जनतान्त्रिक पार्टी भनेर चिनिने सशस्त्र समूहका नेता भनी आरोपित मेनेजर महतो भनिने रामनारायण महतो २०६६ साउन ४ गते हकपाडा गाविसमा भएको प्रहरी कारबाहीका क्रममा मारिए भनियो। केही स्रोतहरूका अनुसार, महतोलाई भारतीय प्रहरीले साउन ३ गते पक्राउ गरेपछि सिरहा जिल्लाको नेपाल प्रहरीलाई बुझाइएको थियो। प्रहरीले भारतीय प्रहरीद्वारा बुझाइएको भन्ने कुरालाई अस्वीकार गर्दै नेपाल प्रहरीको गस्तीमाथि गोली चलाउँदा निज मारिएको दाबी गऱ्यो। राष्ट्रिय मानवअधिकार आयोग र स्थानीय मानवअधिकार रक्षकहरूले प्रहरी र पीडितबीच कुनै भिडन्त भएको सङ्केत नपाइएको कुरा आफ्नो जाँचबुझबाट खुलेको दाबी गरेका छन्। शवपरीक्षण प्रतिवेदनको विश्लेषणले सो मृत्यु बन्दुकको गोली लागी भएको कुरा पुष्टि गरेको छ। अहिलेसम्म कुनै आधिकारिक प्रहरी अनुसन्धान गरिएको छैन र जाहेरी दर्खास्त पनि दर्ता गरिएको छैन। सिरहास्थित प्रहरीका अनुसार, सो घटनाको अध्ययन गर्न एक तीन सदस्यीय समिति गठन गरिएको थियो जसले गृह मन्त्रालयमा आफ्नो प्रतिवेदन पेस गऱ्यो। सो प्रतिवेदन सार्वजनिक गरिएको वा जिल्लास्थित अधिकारीहरूलाई त्यसबारे थाहा दिइएको छैन।

३५. ***पर्शुराम यादव***, सिरहा जिल्ला (२०६६ साउन)- बत्तीस वर्षीय पर्शुराम यादव सिरहा जिल्लाका बासिन्दा थिए र मधेशी मुक्ति टाइगर्स नामले चिनिने सशस्त्र समूहका कथित सदस्य थिए। प्रहरीले काठमाडौंबाट सिरहा जिल्ला सार्दा नेपाल प्रहरीको गोली लागेर २०६६ साउन ५ गते उनको मृत्यु भयो। स्थानीय मानवअधिकार रक्षकहरूले त्यसबारे औपचारिक अनुसन्धान गर्न गैरन्यायिक हत्याको प्रशस्त प्रमाण भएको निष्कर्ष निकाले। राष्ट्रिय मानवअधिकार आयोगले पनि यसबारे अनुसन्धान गरेको छ तर आजसम्म कुनै प्रतिवेदन जारी गरेको वा सिफारिस गरेको छैन। सो घटना प्रहरी कारबाहीका क्रममा भएकाले प्रहरीद्वारा गरिएको "स्थलगत अनुसन्धान" पर्याप्त रहेको दाबी गर्दै नेपाल प्रहरीले जाहेरी दर्खास्त दर्ता गरेको छैन। प्रहरीले जाहेरी दर्ता गर्न अस्वीकार गरेको मुद्दा अहिले राजविराजस्थित पुनरावेदन अदालतमा छ।

३६. ***आकाश त्यागी***, धनुषा जिल्ला (२०६६ साउन)- आकाश त्यागी तराई राष्ट्रिय मुक्ति सेनाका कथित कमान्डर थिए। वि.सं. २०६६ साउन ७ गते बिहान सबेरै जनकपुरबाहिरको एकान्त सडकमा प्रहरीसँग भएको भिडन्तमा उनी मारिए। प्रहरीका अनुसार तीन अन्य सशस्त्र व्यक्तिहरू घटनास्थलबाट भागे। मानवअधिकार रक्षकहरूले घटनास्थलको भ्रमण गरे र रगतको ठूलो आहालनजिकै सातवटा गोलीको खोका पाए। शवलाई हेर्दा निजलाई छ पटक गोली

हानिएको देखिन्थ्यो। कुनै पनि जाहेरी दर्खास्त दर्ता गरिएन। राष्ट्रिय मानवअधिकार आयोगको अनुसन्धान निष्कर्षविहीन साबित भयो।

३७, ३८ र ३९. ***"भवानी सिंह" भनिने हुमायु यादव, लिखो मण्डल, "जितुवा" भनिने जितेन्द्र यादव,*** सप्तरी जिल्ला (२०६६ असोज)- प्रहरीका अनुसार, मधेशी मुक्ति टाइगर्सका तीन कथित सदस्यहरू असोज ९ गते सप्तरी जिल्लाको बैरबा गाविस-६ मा भएको —भिडन्त'मा मारिए। अन्य स्रोतहरूले ती घटनाबारे प्रहरीको भनाइमाथि प्रश्न उठाएका छन्।

४०. ***रामपुकार कापड,*** धनुषा जिल्ला (२०६६ असोज)- रामपुकार कापड धनुषा जिल्लाका परिचित अपराधी थिए भनिन्थ्यो। वि.सं. २०६६ असोज १५ गते उनलाई जुडी बजारनजिकै सादा पोसाकका प्रहरी अधिकारीहरूले मोटरबाइकमा गइरहेको बेला रोके। प्रहरीका अनुसार, त्यसपछि गोली हानाहान भयो र सोही क्रममा उनको गोली लागेर मृत्यु भयो। त्यस क्षेत्रमा प्रहरीले ठूलो सङ्ख्यामा अधिकारीहरू खटाएको कुरालाई विचार गर्दा घातक बलको प्रयोग नगरी पक्राउ गर्न सकिने पर्याप्त अवसर प्रहरीलाई थियो कि थिएन भन्ने सम्बन्धमा प्रश्न उठाइएको छ। यसबारे कुनै अनुसन्धान गरिएको छैन।

४१. ***मोहम्मद मिया अन्सारी,*** पर्सा जिल्ला (२०६६ कात्तिक)- कात्तिक १२ गते राति आफ्नो खेतमा पानी लगाइरहेका बेला वीरगन्ज भन्सार कार्यालयका सशस्त्र प्रहरी बलका कर्मचारीहरूले उनलाई कुटेर मारेको कुरा स्थानीय स्रोतहरूले दाबी गरेका छन्। मृतक सरसामान तस्करीमा संलग्न रहेको र पीडितसहित झन्डै दशजनाले सशस्त्र प्रहरी बलको भन्सार गस्तीबाट हतियार खोस्न खोज्दा प्रहरीसँग भएको सङ्घर्षका क्रममा उनी मरेको सप्रबको दाबी छ। अर्को दिन, प्रशासन र परिवारका सदस्यहरूबीच क्षतिपूर्ति तिर्नेलगायतका कुरामा सहमति भयो। जिल्ला प्रहरी कार्यालय पर्सामा जाहेरी दर्खास्त दर्ता गर्ने परिवारजनको प्रयास असफल भयो। आजसम्म कुनै पनि फौजदारी कारबाही गरिएको छैन र क्षतिपूर्ति तिरिएको छैन। अनुसन्धान गर्न एउटा क्षेत्रीय सप्रब सोधपुछ टोली पठाइयो तर यसका निष्कर्षहरू सार्वजनिक गरिएको छैन। राष्ट्रिय मानवअधिकार आयोगले सो घटना दर्ता गरेको वा त्यसमाथिको अनुसन्धान प्रारम्भ गरेको छैन।

४२. ***राजकुमार दराई,*** चितवन जिल्ला (२०६६ मङ्सिर)- यी पीडित व्यक्ति चितवन राष्ट्रिय निकुञ्जभित्र गस्ती गरिरहेको नेपाली सेनाको टोलीबाट वि.सं. २०६६ मङ्सिर १२ गते मारिए भनियो। सो टोलीको आफ्नो शिविरस्थल नजिकै गैरकानुनी रूपमा रूख काटिरहेका छजनासँग जम्काभेट भयो र पक्रन खोज्दा उनीहरू भागे। गस्ती टोलीले दिएको चेतावनीलाई उनीहरूले बेवास्ता गरेपछि गस्तीले उनीरूमाथि करिब १८ वटा गोली चलायो। गोलीले पीडितको छातीमा र ढाडमा एकएकवटा गरी दुईवटा गोली लाग्यो। सेनाले गस्ती टोलीका सदस्यहरूलाई भेट्न उच्चायुक्तको कार्यालयलाई अनुमति दिन अस्वीकार गर्‍यो। रूखको मुढा काटिरहेका व्यक्तिहरूले गस्ती टोलीमाथि ढुङ्गा हान्दा सो टोलीले आत्मरक्षाका लागि गोली चलाएको सेनाको भनाइ छ। नेपाल प्रहरीद्वारा जाहेरी दर्खास्त दर्ता गरिएको छ।

४३. ***असर्फी महतो,*** पर्सा जिल्ला (२०६६ मङ्सिर) – वि.सं. २०६६ मङ्सिर १९ गते बिहान २ बजेतिर ट्रयाक्टरमा चढेका मोहम्मद तथा केही अन्य व्यक्तिहरूलाई प्रहरीले रोक्न खोज्यो। प्रहरीका अनुसार, उक्त ट्रयाक्टरमा ठूलो परिमाणमा गाँजा थियो। त्यसपछि भएको गोली हानाहानमा पीडितलाई दुईपटक गोली लाग्यो र उनी मारिए। स्थानीय प्रत्यक्षदर्शीहरूले प्रहरीले मात्र आफ्नो हतियारबाट गोली चलाएको दाबी गर्‍यो। केही दिनपछि जाहेरी दर्खास्त दायर गर्ने मृतकका परिवारको प्रयास असफल भयो ।

४४. ***असमुद्दिन डेंडी,*** पर्सा जिल्ला (२०६४ मङ्सिर) – वीरगन्जका एक मिल मालिकबाट पैसा असुल गर्न खोज्दा डेंडी मारिएका हुन् भनिएको छ। निजको आफ्नै बन्दुक पड्केर मृत्यु भएको भन्ने प्रहरीको दावी छ। तर, त्यसबेला मिलमा अञ्चल प्रहरी कार्यालयका प्रहरी अधिकारीहरू सादा पोसाकमा भएका र पीडितको मृत्युमा उनीहरू नै जिम्मेवार रहेको प्रत्यक्षदर्शीहरूको दाबी छ। यस सम्बन्धमा कुनै पनि जाहेरी दर्खास्त दर्ता गरिएको वा प्रहरी अनुसन्धान सुरु गरिएको छैन।

४५ र ४६. ***झमन राय यादव तथा विनोद राय यादव,*** रौतहट जिल्ला (२०६६ फागुन) – वि.सं. २०६६ फागुन १० गते रौतहटको गिगद्वा गाविसस्थित बेलबिच्वामा प्रहरीसँगको "मुठभेड"मा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह

समूह)का भनिएका दुई कार्यकर्ताको मृत्यु हुनुका साथै सातजना अन्य घाइते भए। प्रहरीले दुईवटा पिस्तोल र गोलीगट्ठा बरामद गर्नुका साथै प्रहरीले आत्मरक्षाका लागि गोली चलाउँदा पीडितहरूको मृत्यु भएको दाबी गर्‍यो। स्थानीय स्रोतहरू ती हत्या गैरकानुनी भएको दाबी गर्दछन्। शवपरीक्षण प्रतिवेदनहरूले मृत्यु गोली लागेर अत्यधिक रक्तश्राव भएकाले गर्दा भएको भनी पुष्टि गरे। यसबारे कुनै पनि जाहेरी दर्खास्त दर्ता गरिएको छैन। प्रहरीले यस घटनालाई आकस्मिक रूपमा भएको मृत्य भनी वर्गीकरण गरेको छ। आयोगले प्रारम्भिक अनुसन्धान गरे तापनि आफ्ना निष्कर्षहरू प्रकाशित गरेको छैन।

४७. "*कालिचरण*" *भनिने* ***मोती चमार***, पर्सा जिल्ला (२०६६ माघ) – वि.सं. २०६६ माघ १८ गते महुवनदेखि गमरियाबीच गस्ती गरिरहेको प्रहरी टोलीले जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह), पर्साका नेता भनिएका मोती चमारले प्रहरीमाथि गोली चलाएपछि निजलाई पक्राउ गर्न खोज्दा उनी मारिएका थिए भनियो। स्थानीयवासीहरूको बयानले मृत्यु गोली हानाहानको परिणामस्वरूप भएको थियो भन्ने प्रहरीको दाबीमाथि शङ्का उत्पन्न गराउँछ। पीडितको मृत्यु प्रहरी हिरासतमा लगेपछि भएको भन्ने उनीहरूको दाबी छ। कुनै पनि जाहेरी दर्खास्त दर्ता गरिएको छैन। आयोगले यो घटना दर्ता गरेको छैन र यसमाथि कुनै अनुसन्धान पनि गरेको छैन।

४८. ***गुड्डु यादव***, पर्सा जिल्ला (२०६६ माघ) – वि.सं. २०६६ माघ २४ गते झमक्क साँझ परेका बेला गुड्डु यादवलाई रामगढवा गाविसस्थित सिर्सिया नदीको पुलनजिकै प्रहरीद्वारा हत्या गरियो भनियो। प्रहरीले मृतक सोही साँझ अलिक अघि वीरगन्जस्थित घण्टाघरनजिकै भएको बमविस्फोटमा संलग्न रहेको दाबी गरेको छ। प्रहरीका अनुसार पीडितलाई पक्राउ गर्न गरिएको कारबाहीका क्रममा भएको "भिडन्त"मा निजको मृत्यु भएको हो। छाती तथा टाउकोमा गोली लागेर उनको मृत्यु भएको थियो। मृत्यु कुन परिस्थितिमा भयो भन्नेबारे कुनै पनि अनुसन्धान प्रारम्भ गरिएको छैन।

४९. ***नेवल किशोर यादव***, धनुषा जिल्ला (२०६६ माघ) – अखिल तराई मुक्ति मोर्चा (गोइत)का कार्यकर्ता भनिएका, यादवको बलबाखर गाविसमा सशस्त्र प्रहरी बलका कर्मचारीहरूसँगको भिडन्तमा मृत्यु भयो भनियो। सप्रबका अनुसार, सप्रबका कर्मचारीले आफ्ना हतियार खोस्न खोज्दा आत्मरक्षाका लागि पीडितलाई गोली हानिएको हो। मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)ले सो घटना बनावटी भएको भनी दाबी गर्नुका साथै प्रहरीविरुद्ध कारबाहीको माग गर्दै विरोध कार्यक्रम पनि सुरु गर्‍यो। जीउमा भएका गोलीका दागहरूले यादवलाई पछाडिबाट गोली हानिएको हुन सक्ने देखाउँछन् तर शवपरीक्षण प्रतिवेदन हालसम्म उपलब्ध गराइएको छैन। कुनै पनि जाहेरी दर्खास्त दर्ता गरिएको छैन। आयोगका अनुसार यसले घटनामाथि अनुसन्धान गरेको छ तर यसका निष्कर्षहरू हालसम्म सार्वजनिक गरिएका छैनन्।

५०. ***रामबाबु सहनी***, बारा जिल्ला (२०६६ फागुन) – अखिल तराई मुक्ति मोर्चा (गोइत)का कार्यकर्ता भनिएका सहनी २०६६ फागुन २२ गते राती मनरहवा नजिकै अखिल तराई मुक्ति मोर्चा तथा प्रहरीबीच भएको गोली हानाहानका क्रममा मारिए। प्रहरीले अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले गोली हानेपछि आत्मरक्षाका लागि चलाएको गोली लागेर पीडितको मृत्यु भएको प्रहरीले दाबी गरेको छ। शवपरीक्षण प्रतिवेदनले गोलीको चोटका कारण पीडितको मृत्यु भएको भनी पुष्टि गर्‍यो। तर, केही स्थानीयबासीले पीडितलाई बाराबाट वीरगन्ज जाँदै गर्दा पक्राउ गरेको र जिल्ला प्रहरी कार्यालयमा ल्याइएको दाबी गरेका छन्। प्रहरीले परिवारजनलाई शव लिनका लागि पीडितको गोली हानाहानका क्रममा मृत्यु भएको भन्ने बेहोराको कागजातमा सही गर्न दबाब दिएको प्रमाण पाइएको छ। परिवारजनले सो घटनामाथि छानबिन गर्न तथा क्षतिपूर्ति दिन अनुरोध गर्दै गृह मन्त्रालयमा एक चिठी पेस गरेको कुरा बताइएको छ। कुनै पनि जाहेरी दर्खास्त दर्ता गरिएको छैन। सो मृत्यु आकस्मिक भएको भन्दै जिल्ला प्रहरीले घटनाको मिसिल सरकारी वकिलसमक्ष पठाइसकेको छ। आयोगले घटनासम्बन्धी छानबिन गरे पनि निष्कर्षहरू अझै सार्वजनिक गरेको छैन।

५१, ५२ र ५३. ***देवीसरा विक, अमृता विक र चन्द्रकला विक*** (२०६६ फागुन) – वि.सं. २०६६ फागुन २६ गते साँझ श्रीज्वाला दल गणका नेपाली सेनाका कर्मचारीले दुई दलित महिला (देवीसरा विक तथा अमृता विक) तथा एक १२ वर्षीया दलित बालिका (चन्द्रकला विक)लाई गोली हानी हत्या गरे। उनीहरू बर्दिया राष्ट्रिय निकुञ्जको सिमानाभित्र बाँसपानी क्षेत्रमा रूखको बोक्रा सङ्कलन गर्दैगर्दा मारिएका थिए। सेना तथा राष्ट्रिय निकुञ्जका

अधिकारीहरूले उनीहरू चोरशिकारी भएको तथा सेनाको गस्ती टोलीले उनीहरूलाई आत्मरक्षाका लागि गोली हानेको दाबी गरे। सङ्कलित प्रमाणले सेना तथा निकुञ्ज अधिकारीका दाबीलाई खण्डन गर्दछ। यसले उनीहरू तीनजना चोरशिकारी नभएको र सो घटनामा घातक बलको गैरकानुनी प्रयोग भएको तथा हिरासतमा गैरन्यायिक हत्या भएको हुनसक्ने कुराको सङ्केत गर्दछ। सेना तथा निकुञ्जका अधिकारीहरूले हत्यासम्बन्धी अनुसन्धानमा सहयोग गर्न अस्वीकार गरेका छन् र पीडितका परिवारलाई आफ्ना फौजदारी उजुरी फिर्ता लिन चर्को दबाब दिएका छन्। सन् २०१० मई सम्म पीडकहरूविरुद्ध कुनै पनि कारबाही गरिएको छैन।

५४. ***सुधीर पाण्डे,*** महोत्तरी जिल्ला (२०६६ चैत) – वि.सं. २०६६ चैत १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)सँग आबद्ध तथा महोत्तरीस्थित मालपोत कार्यालयका एक अधिकारीको हालै भएको अपहरणमा संलग्न रहेको हुन सक्ने भनिएका पीडितको मृत शरीर आँखामा पट्टी बाँधिएको तथा हात पछाडि लगी बाँधिएको अवस्थामा महडैया तपनपुर गाविसस्थित बिघी नदी नजिकै पाइएको थियो। शवपरीक्षण प्रतिवेदनले उनको मृत्यु गोली लागेर भएका विभिन्न चोटपटकबाट भएको पुष्टि गर्‍यो। प्रहरीले घटनास्थलबाट चारवटा प्रयोग गरिएका कार्तोस तथा एउटा गोली बरामद गरेको र पीडित व्यक्ति अपराधीहरूद्वारा कटुवा पिस्तोलबाट मारिएको हुन सक्ने दाबी गरेको छ। अन्यले भने प्रहरी कर्मचारीहरू सो हत्यामा संलग्न भएको दाबी गरेका छन्। जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्खास्त दर्ता गरिएको छ।

५५. ***अज्ञात,*** पर्सा जिल्ला (२०६७ जेठ) – वि.सं. २०६७ जेठ ४ गते सुरेश दास नामक भारतीय अपराधी भनिएका एक अज्ञात व्यक्ति वीरगन्ज नगरपालिकाको भेडियाही टोलमा गोली हानाहानका क्रममा मारिए। प्रहरीका अनुसार, त्यस दिन बम बोकेर आदर्शनगर आएका तीन भारतीय अपराधीहरूको समूहलाई पक्राउ गर्न एउटा टोली परिचालन गरिएको थियो। सो समूहले प्रहरीमाथि गोली चलाएको र त्यस क्रममा समूहमध्येको एकजना ढलेको प्रहरीको दाबी छ। स्थानीय स्रोतहरूले त्यहाँ कुनै पनि गोली हानाहान नभएको दाबी गरेका छन् र जानीजानी निजको हत्या गरिएको उनीहरूको विश्वास छ। शवपरीक्षण प्रतिवेदनले सो व्यक्तिको मृत्यु गोली लागेर भएको घाउका कारण भएको पुष्टि गरेको छ।

५६. ***अवदेष कुमार मण्डल,*** धनुषा जिल्ला (२०६७ जेठ) – वि.सं. २०६७ जेठ ३० गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका सदस्य भनिएका पीडित व्यक्ति विभिन्न ठाउँमा गोली लागेर मृत अवस्थामा जनकपुरमा फेला परे। विभिन्न प्रत्यक्षदर्शीका बयानले पीडित तथा अन्य तीनजनालाई नेपाल प्रहरीका कर्मचारीले चियापसलबाट नियन्त्रणमा लिई नजिकै लगेर गोली हानेको सङ्केत गर्दछ। सो मृत्यु जिल्लामा प्रहरी तथा सशस्त्र समूहबीच तीनजनाको मृत्यु हुने गरी भएको चार दिन लामो तनावपछि भएको हो। नेपाल प्रहरीले पीडितलाई आत्मरक्षामा गोली हानेको दाबी गरेको छ। उच्चायुक्तको कार्यालयले सो घटनालाई आयोगमा रेफर गरेको छ र आयोगले त्यसबारे छानबिन गरिरहेको छ।

५७. ***मोहम्मद बादल अन्सारी,*** धनुषा जिल्ला (सन् २०१० जुन) – वि.सं. २०६७ जेठ ३१ गते महोत्तरी जिल्लाको जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह)सँग आबद्ध रहेको भनिएका पीडित व्यक्तिको नकटाझिज गाविसमा नेपाल प्रहरीका कर्मचारीले चलाएको गोलीबाट शरीरका विभिन्न ठाउँमा लागेको घाउका कारण मृत्यु भयो। प्रहरीका अनुसार उनीहरूले सो क्षेत्रमा सशस्त्र समूहका शङ्कित सदस्यहरूको खोजी गर्दैगर्दा आक्रमणमा परेपछि चलाएको गोलीबाट निजको मृत्यु भएको हो। अन्य व्यक्तिहरूले भने अन्सारीलाई प्रहरी हिरासतमा लगिएपछि मारिएको भनेर दाबी गरेका छन्। प्रहरीले फौजदारी अनुसन्धान सुरु गरेको छैन। उच्चायुक्तको कार्यालयले सो घटनालाई आयोगमा रेफर गरी पठाएको छ।